मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वेस्ट इन्डिज 'ए' सँगको अन्तिम खेलमा नेपाल विजयी




समाचार
पृष्ठ ६ मा

वर्ष २ | अंक १६५ | २०८१ साल वैशाख २३ गते आइतबार | Sunday 05, May 2024 | सूर्योदय: बिहान ५:२४ बजे | सूर्यास्त: साँझ ६:४० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# अध्यादेशबाट बजेट

## गृहमन्त्रीको राजीनामा या गठबन्धन फेरबदल

*सहकारी ठगीमा गृहमन्त्री लामिछाने निर्दोष भएको जवाफ दिएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले माफी माग्नुपर्ने कांग्रेसको अडानले पनि प्रधानमन्त्री अप्ठेरोमा परेका छन् । प्रहरी अनुसन्धान प्रतिवेदनमा लामिछानेले सहकारीको रकम अपचलन गरेको पुष्टि हुँदा पनि प्रतिवादी नबनाइनु मजाकको हद भएको कांग्रेसको तर्क छ ।*














**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आलोपालोमा प्रधानमन्त्री पनि छाड्नुपर्दा संवैधानिक परिषद्मा 'निल' हुने गरी नेकपा माओवादी केन्द्रले राष्ट्रिय सभाको अध्यक्ष नेपाली कांग्रेसलाई दिन नसक्ने भनेर फागुनमै भन्दा धेरैले पत्याएका थिएनन् । तर राजनीतिक दृश्य भइदियो त्यस्तै । एमालेसँग मिलेर गठबन्धन फेरिँदा कांग्रेसले केन्द्रीय सत्ता, प्रदेश प्रमुख र मुख्यमन्त्रीहरु गुमायो । यतिखेर सत्ता गठबन्धनविरुद्ध जोडतोडले लागिरहेको नेपाली कांग्रेस बाहिर भनिरहेको छ, 'सहकारी ठगी प्रकरणबारे गृहमन्त्रीमाथि छानबिन समिति गठन ।' तर उसको भित्री मक्सद हो, नेकपा माओवादी र एमालेलाई टुटाएर नयाँ गठबन्धन ।

यसका लाग नेपाली कांग्रेसले २०८० फागुन २४ गतेदेखि एउटै मुद्दा अघि सारेको छ, 'गृहमन्त्रीको सहकारी ठगीमा संलग्नता र छानबिन समिति गठन, नभए गृहमन्त्रीको राजीनामा ।' यसो भनिरहँदा गृहमन्त्री लामिछाने सहजै राजीनामा दिने अवस्थामा छैनन् ।

बरु सत्ता गठबन्धन छाड्न तयार छ । छानबिन समिति एमालेले बन्न नदिने भनिरहेकै छ । संसदीय छानबिन समिति गठन गर्न सरकार तयार नभए राष्ट्रपति रामचन्द्र पौडेलले वैशाख २८ गतेका लागि आह्वान गरेको बजेट अधिवेशन चल्न नदिने कांग्रेसको आन्तरिक तयारी मजबुत छ । सहकारी ठगी प्रकरणमा मुछिएका उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेमाथि छानबिन गर्न संसदीय समिति गठन नै कांग्रेसको संसद अवरोधको एक मात्र बलियो एजेन्डा हो । सहकारी ठगीमा गृहमन्त्री लामिछाने निर्दोष भएको जवाफ दिएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले माफी माग्नुपर्ने कांग्रेसको अडानले पनि प्रधानमन्त्री अप्ठेरोमा परेका छन् । प्रहरी अनुसन्धान प्रतिवेदनमा लामिछानेले सहकारीको रकम अपचलन गरेको पुष्टि हुँदा पनि प्रतिवादी नबनाइनु मजाकको हद भएको कांग्रेसको तर्क छ । कांग्रेसले २०८० फागुन २४ गतेदेखि सहकारी ठगी प्रकरणमा लामिछानेमाथि संसदमा प्रश्न उठाउँदै त्यस यता लगातार छानबिनका लागि संसदीय समिति बनाउन माग गरेको छ । वैशाख २८ गते आह्वान गरिएको बजेट अधिवेशन अरु पेचिलो हुने अवस्था छ । कांग्रेस अडानबाट तल नझर्ने, एमाले कांग्रेसको मुद्दामा सहमत नहुने भएपछि प्रधानमन्त्री पुष्पकमल दाहालमाथि निकै दबाब परिरहेको छ । शनिबार माओवादीको आन्तरिक छलफलमा प्रधानमन्त्रीले उस्तै परे अध्यादेशबाट बजेट आउनसक्ने संकेत गरेपछि गठबन्धन फेरि टुट्ने या नयाँ बन्ने चर्चा सतहमा आएको । सकेसम्म कांग्रेसलाई मनाउन संसदीय छानबिन समिति बनाउने या गृहमन्त्री लामिछानेलाई राजीनामा दिन लगाउने माओवादी र प्रधानमन्त्रीको तयारी छ । तर नेकपा एमालेले रास्वपा सभापतिसमेत रहेका रवि लामिछानेलाई आफ्नो भागमा परेको गृहमन्त्री दिएको हो । एमाले छानबिन समिति बनाउने र गृहमन्त्रीको राजीनामाको पक्षमा छैन । त्यतिमात्र होइन, कांग्रेससँगको गठबन्धनमा प्रधानमन्त्री हुँदा कुनै दबाब झेल्न नपरेका प्रधानमन्त्री दाहाल अहिले माओवादी बैठकमा छलफलमा हुने विषयबारे जानकारी दिन पनि एमाले अध्यक्ष ओलीलाई ब्रिफिङमा जानु पर्ने गरी बाँधिएका छन् । यो कुरा प्रधानमन्त्री र माओवादीलाई मन परेको छैन ।

अर्कातिर जनता समाजवादी पार्टी र नेकपा एकीकृत समाजवादीले यो सरकार आफ्नो ठानेकै छैन । वश वाम एकताको बाधक नबन्ने भनेर नेकपा एकीकृत समाजवादीले साथ दिएको हो । तर लगातार जसपा र नेकपा एकीकृत समाजवादीले एमालेबाट अपमान सहिरहेको छ । एमालेले माओवादीलाई पनि उस्तै अपमान गरेको छ । प्रधानमन्त्रीले बजेट अधिवेशनमा सबै सत्ता साझेदार एकठाउँमा उभ्याउन गृहमन्त्री र एमालेकै कारण सहज नहुने पनि संकेत गरेका छन् । यता, केही दिनदेखि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफू प्रधानमन्त्री बन्ला भनेर केहीलाई ठाउको दुखेको भन्दै एमालेलाई जवाफी हमला गरिरहेका छन् । एमालेजस्तै समाजवादी पनि वामएकताबारे छलफलमा होइन, द्वन्द्व बढाउन सक्रिय छ । यी सबै घटनाक्रमपछि माओवादी पनि कांग्रेसलाई दुई–दुई पटक धोका भयो कि भन्ने निष्कर्षमा पुग्न लागेको संकेत गर्दैछ । प्रधानमन्त्री सकभर कांग्रेस मनाउन जुटिरहेका छन् । कांग्रेसको माग छानबिन समिति र गृहमन्त्रीको राजीनामामा जोडिएको छ । यदि यो सफल भएन भने अध्यादेशबाट बजेट ल्याउनु पर्ने निष्कर्षमा पनि प्रधानमन्त्री पुगेका छन् । नभए तेस्रो विकल्प गठबन्धन फेरबदल पनि हुनसक्छ । प्रधानमन्त्रीले आन्तरिक ब्रिफिङमा एमाले निकै भारी परेको र कांग्रेस धेरै सजिलो साझेदार भएको सुनाउन थालेको स्रोतको दाबी छ ।

## निर्माणाधीन रंगशालाको जग्गा लिज प्रकरणमा हट्यो पछि राखेप



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले जनकपुरधाममा निर्माणाधीन अवस्थामा रहेको रामजानकी बहुउद्देश्यीय अन्तराष्ट्रिय रंगशालाको जग्गा लिजलाई पुनः निरन्तरता दिने भएको छ । यसअघि राखेपले एक्कासी सम्झौता भंग गर्ने निर्णय गरेपछि विरोध भएको छ । स्थानीय नागरिकस्तरबाट समेत विरोध भएपछि राखेपले फेरि निरन्तरता दिएको हो ।

राखेपले २०८० पुस ३ गते सदस्य सचिवस्तरीय निर्णय गरेर जनकपुरधाम उपमहानगर पालिका–१४ मा १६–१७–१९–१ बिघा जग्गा करारमा लिएकामा बहाल करारमा लिएको जग्गामा उल्लिखित खेल पूर्वाधार निर्माण गर्न संघीय सरकारबाट बजेट व्यवस्थापन नभएको भन्दै सम्झौता रद्द गरेको थियो । सम्झौता रद्दमा सम्झौताबमोजिम वार्षिक तिर्न बुझाउनुपर्ने बहाल रकम पनि महँगो हुन गएको र सम्झौता बमोजिम वार्षिक बहाल रकम बुझाइरहनुपर्ने भएकाले सम्झौताबमोजिमको उल्लिखित जग्गा खेलकुद परिषद्ले राखिरहनु उपयुक्त एवम् सान्दर्भिक नभएको उल्लेख थियो । तर मधेश प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुरधाम भ्रमणको क्रममा एकसय करोड भारतीय रुपैयाँ जनकपुरधामको पूर्वाधार विकास निर्माणमा प्रदान गर्ने घोषणा गरिएकामा रकम रंगशाला निर्माणमा खर्च गरिने भन्ने संयुक्त सहमति जनाएपछि राखेप आफ्नो निर्णयबाट पछि हटेको हो ।

राखेपको शुक्रबारको सदस्य सचिवस्तरीय निर्णयानुसार लिजलाई पुनः निरन्तरता दिइएको राखेपको कानून शाखा प्रमुख नारायण राज अर्यालद्वारा लिखित पत्रमा उल्लेख छ । 'प्रदेश सरकार र उपमहानगरपालिकाको सहमतिअनुरुप भारतीय दुतावासमा पहल गरिएको भनी पत्रमार्फत जानकारी प्राप्त भएको तथा राष्ट्रिय खेलकुद परिषद्बाट गुठी संस्थानसँग मिति २०७४ मंसिर ३ गते भएको करार सम्झौता भंग गरिएकोबारे अर्को पत्र आएको हो । पत्रमा मिति २०८० पुस ३ गतेको निर्णय र त्यसबाट गुठी संस्थान प्रधान कार्यालय त्रिपुरेश्वरलाई गरिएको पत्राचारसमेत भंग गरी पूर्ववतरुपमा सम्झौताको निरन्तरता हुनु पर्ने उल्लेख गरिएको छ । नेपालको खेलकुदको विकास गर्न सबल भौतिक संरचनासहितको खेलकुद मैदान रंगशाला निर्माण गर्ने साझा सामूहिक उत्तरदायित्व भएको बताइएको छ । मधेश प्रदेशका खेलकुद विकासको कोशेढुङ्गाको रुपमा हेरिएको श्रीराम–जानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशाला निर्माणका निम्ति गुठी संस्थानको जग्गा आवश्यक रहेको सन्दर्भमा पूर्व समयमा भएका सम्झौता भंगसम्बन्धी निर्णय र त्यसलाई कार्यान्वयन गर्न भए गरिएको पत्राचार समेतलाई फिर्ता गरिएको बताइएको छ । २०७४ मंसिर ३ गते राष्ट्रिय खेलकुद परिषद् र गुठी संस्थान प्रधान कार्यालयबीच धनुषा जिल्ला जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १४ मा रहेको १६–१७–१९–१ जग्गा ३० वर्षका लागि बहाल करार निरन्तरता मनासिव हुने भन्दै सदस्य सचिवस्तरीय निर्णय भएको प्राप्त पत्रमा उल्लेख छ ।

## तीन दिन सीमानाका बन्द

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतको बिहार राज्यको मधुवनीमा निर्वाचन हुने भएपछि भारतसँग जोडिएको मधेश प्रदेशको चार जिल्लाको सीमानाका बन्द हुने भएको छ । मधुवनीमा फरकफरक दिनमा दुई क्षेत्रमा लोकसभाको निर्वाचन हुने भएकाले मतदानभन्दा ७२ घण्टा पहिले सीमानाका बन्द हुन लागेको हो ।

आइतबार राति १२ बजेदेखि मंगलबार राति १२ बजेसम्म र जेठ ४ गते राति १२ बजेदेखि ७ गते राति १२ बजेसम्म नेपालभारत सीमा बन्द हुने भएको हो । मधुवनीका डिएम अरबिन्द कुमार वर्माले धनुषा, सिरहा, सप्तरी र महोत्तरीका प्रमुख जिल्ला अधिकारीहरुलाई पत्र लेख्दै केही महिना पहिले भारतको मधुवनीमा भएको सीमा जिल्ला समन्वय समितिको बैठकअनुसार निर्वाचनका लागि ७२ घण्टा अगावै बोर्डर बन्द गर्न आग्रह गरेका हुन् ।

मधुवनीको झन्झारपुर संसदीय क्षेत्रमा आगामी मंगलबार मतदान हुँदैछ भने मधुवनी संसदीय क्षेत्रमा जेठ ७ गते मतदान हुँदैछ । यता जयनगर–जनकपुर–भंगहा रेलसेवा तीन दिनसम्म बन्द रहने भएको छ । भारतमा लोकसभा चुनावका लागि नेपाल–भारत बोर्डर सिल गर्न लागेकाले जयनगर–जनकपुर–भंगहा रेलसेवा तीन दिनसम्म बन्द रहने भएको छ ।भारत मधुवनी जिल्लाको झंझारपुर संसदीय क्षेत्रमा ७ मे २०२४ (वैशाख २५)मा लोकसभा चुनाव हुँदैछ । चुनावको २४ घण्टा अगावै बोर्डर सिल गर्ने गरिएको छ । त्यसैले आइतबारदेखि नै जयनगर–जनकपुर–भंगहा रेलसेवा बन्द हुने भएको छ । नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक निरञ्जन झाले सूचना जारी गर्दै आइतबारदेखि मंगलबारसम्म तीनदिन जयननगर– जनकपुर–भंगाहा खण्डमा सञ्चालित रेल्वे सेवा पूर्णरुपमा बन्द रहने जनाएका छन् । इन्डो नेपाल अन्तर्राष्ट्रिय बोर्डर सिल गर्ने गरी नेपाल भारत दुवै पक्षको बोर्डर जिल्ला कोर्डिनेसन कमिटीबाट भएको निर्णयअनुसार रेल सेवा तीन दिन बन्द गरिएको सूचनामा उल्लेख छ ।

## राजस्व दुरुपयोग रोक्न साहको माग

**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा) ले राजस्व छल्नेविरुद्ध नौ महिनादेखि 'राजस्व उठाउँ, देशलाई बुझाउँ' अभियान सञ्चालन गर्दैआएको छ । पार्टीले राजस्व दुरुपयोग तथा सीमा क्षेत्रका जनताले ल्याएका दैनिक उपभोग्य सामान जफत नगर्न भन्सार विभागदेखि प्रधानमन्त्री कार्यालयसम्मका कर्मचारीको ध्यानाकर्षण गराइरहेको छ ।

पार्टी अध्यक्ष एवम् सांसद प्रभु साहले मुलुक सञ्चालनको प्रमुख आम्दानीको स्रोत भन्सार राजस्व देशको समृद्धिका लागि सदुपयोग होस् भनी पार्टीले निरन्तर खबरदारी गर्दैआएको बताए । उनले भने, 'देश विकासका लागि राजस्वको ठूलो योगदान छ । राजस्व सङ्कलनका स्रोतमध्ये भन्सार मुख्य हो । हामी चाहन्छौँ भन्सारबाट उठेको राजस्व रकम सदुपयोग होस् ।'

उनका अनुसार, अवैध ढङ्गबाट सामान ओसारपोसार गर्ने क्रममा कुनै वस्तु बरामद भए भन्सार कानूनमा सुराकीलाई १५ प्रतिशत र समान जफत गरेर बुझाउनेलाई ३० प्रतिशत रकम दिने अभ्यास छ । ती सामान जफत गर्ने सरकारी कर्मचारी हुन् । त्यो उनीहरुको काम हो । उनीहरुलाई राज्यले तलब र भत्ता दिएको छ । 'सुराकीलाई पुरस्कृत गरे पनि काममा खटाएका कर्मचारीलाई किन कमिसन ?' भन्सारबाट उठेको सतप्रतिशत रकम राज्य कोषमा दाखिला हुनुपर्नेमा जोड दिँदै अध्यक्ष साह प्रश्न गर्छन् ।

उनले सरकारी खर्च पारदर्शी हुनुपर्ने, भन्सार छलीका सामान जफत गर्ने कर्मचारीको नाम सार्वजनिक गर्नुपर्ने, राजस्वबाट व्यक्ति मोटाउने र राज्य दुब्लाउने प्रवृत्ति बढेकामा चिन्ता व्यक्त गर्दै देश विकासका निम्ति त्यस्तो प्रवृत्ति अन्त्य हुनुपर्ने माग गरे । उनले नेपाल–भारत खुला सिमानाका कारण हुनसक्ने अवैध ओपासपोसार रोक्न र भन्सार राजस्व वृद्धि गर्न अन्य स्थानमा पनि भन्सार कार्यालय खोल्न र भन्सार व्यवस्थापनलाई चुस्त तुल्याउनुपर्ने बताए ।

'नेपाल–भारत सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकले देशको सीमा रक्षा गरिरहेका छन् । उनीहरुको मनोबल कमजोर तुल्याउन हुन्न । नेपाल र भारतबीच सदियौँदेखि रोटीबेटीको सम्बन्ध छ । भारतका बजारमा सुपथ मूल्यमा दैनिक उपभोग्य सामान पाइन्छन् । सीमा क्षेत्रका जनता किनमेल गर्न त्यहाँ जान्छन् । गरिबले किनेर ल्याएका सामान जफत गरी प्रहरी र कर्मचामरीबीच कमिसन बाँड्ने परिपाटी ठीक भएन । भारतबाट सामान ल्याउनेलाई कर तिर्न बाध्य बनाउनुपर्छ । राज्यले एउटा नागरिकको सम्पत्ति बिनाकारण खोस्ने र अर्को लाई त्यसबापत कमिसन दिनु हुँदैन,' अध्यक्ष साहले भने ।

### सीमाबासीको पीडा

## नाकाबन्दी, भारतीय सुरक्षाकर्मीको ज्यादतीमा राज्य मौन



**सञ्जय मिश्रा**
**रौतहट ।**
सीमावर्ती क्षेत्रका बासिन्दाको आफ्नै पीडा छ । अघोषित नाकाबन्दीसरह अहिले पनि साइकल–मोटरसाइकलबाहेक सवारीसाधन वारिपारी आवतजावतमा रोक लगाइएको छ । पटकपटक भारतीय सुरक्षाकर्मी एसएसबीको ज्यादती सहन बाध्य छन् । सीमावर्ती परोहा नगरपालिका–९, रामपुर खापमा आयोजित 'सीमाबासीसँग सशस्त्र प्रहरी' अन्तरक्रियामा सहभागी सीमा सहजीकरण समितिका पदाधिकारी तथा स्थानीयले आफ्नो समस्या सुनाए ।

सशस्त्र प्रहरी बल ११ नम्बर गण हेडक्वार्टर रौतहटद्वारा गरिएको सीमा सुरक्षाको महत्व, सीमा अपराध नियन्त्रण कार्यक्रमका सहभागीले द्वन्द्वकालमा बन्द भएको छोटी भन्सार बंकुल

बाँकी पृष्ठ २ मा

# पत्रकार महासंघको चुनाव जेठ २६ गते

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासङ्घको चुनाव आगामी जेठ २६ गते हुने भएको छ । महासङ्घको २७ औँ महाधिवेशनले यहि जेठ २६ गतेका लागि मिति तोकेको हो । बिहीबार बसेको केन्द्रीय कार्यसमिति बैठकले जेठ १९ गतेका लागि मिति प्रस्ताव गरेको थियो । तर महाधिवेशनको बन्द सत्रमा छलफलका लागि प्रतिनिधिहरूले एक साता पर धकेल्न माग गरेपछि महासङ्घले २६ जेठमा केन्द्र, प्रदेश र जिल्ला तथा प्रतिष्ठान शाखाहरूको एकसाथ निर्वाचन गर्ने निर्णय भएको हो ।

नेपाली पत्रकारहरूको छाता संस्था महासङ्घमा हरेक तीन वर्षमा नेतृत्व परिवर्तन हुने गर्दछ । प्रत्यक्ष निर्वाचनको व्यवस्था भएका कारण महासङ्घको नेतृत्वका लागि हरेक साधारण सदस्यले मताधिकार पाउँछन् । यद्यपी निर्वाचनको मिति तोके पनि महासङ्घले साधारण सदस्यको टुङ्गो भने लगाइसकेको छैन । महासचिव रोशन पुरीले एक साताभित्र साधारण सदस्यको टुङ्गो लगाइसक्ने भन्दै मिति प्रस्ताव गरेका थिए ।

# मधेशी स्वास्थ्यकर्मी फोरमको नयाँ नेतृत्व चयन




**मधेशदृष्टि**
**रौतहट ।**
मधेशी स्वास्थ्यकर्मी फोरम, नेपाल रौतहटको चौथो जिल्ला अधिवेशनबाट चयन भएको नेतृत्व चयन भएको छ । अधिवेशनको उद्घघाटन समारोहमा जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेश समितिका अध्यक्ष बालकिशोर यादव, जिल्ला अध्यक्ष श्याम बिहारी यादव लगायतका नेता तथा स्वास्थ्यकर्मीहरुको उपस्थिति थियो । कार्यक्रममा सम्बोधन गर्ने वक्ताहरुले नयाँ नेतृत्वलाई बधाई तथा कार्यकालको शुभकामना समेत व्यक्त गरेका थिए ।

# सुर्ती सेवनबाट दैनिक ७३ जना मृत्युको सिकार

**रासस**
**भक्तपुर ।**
स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जाल नेपालका महासचिव पूर्णभक्त दुवालले सुर्ती सेवनबाट मुलुकमा दैनिक ७३ जनाको ज्यान जाने गरेको बताएका छन् । बालबालिकालाई सुर्ती र धूमपानबाट टाढा राख्ने उद्देश्यले युवा सृजनशील समाजले शुक्रबारदेखि सुरु गरेको विद्यालयमा सचेतना अभियानमा उनले सुर्तीको धुवाँमा विश्वमा बर्सेनि ४७ अर्ब रुपैयाँ उडिरहेकाले यसलाई रोक्न पनि अभियान थाल्नुपर्ने बताए । सुर्तीमा निकोटिन, टारलगायतका ४० भन्दा बढी किसिमका खतरनाक विषादी हुने भएकाले यसले दीर्घरोग लाग्ने उनले बताए । महासचिव दुवालले सुर्तीजन्य पदार्थ नियमन ऐनले १६ वर्षमुनिका बालबालिकालाई सुर्ती बेच्न बन्देज लगाएको, विद्यालयको सय मिटर वरपरसम्म सुर्ती बेचबिखन र सेवन गर्न प्रतिबन्ध लगाएको हुँदा राज्यका निर्देशन उल्लङ्घन भएमा विद्यार्थी स्थानीय तह र प्रहरी प्रशासनमा उजुरी गर्न अग्रसर हुनुपर्ने औँल्याए । अभियानमा गणेशमान सिंह मेमोरियल अस्पतालका डा आदित्य रञ्जितले धूमपान र सुर्ती सेवनबाट क्यान्सर, मधुमेह, मुटुरोग, दमखोकीलगायत रोग लाग्ने भएकाले यसबाट समाजलाई बचाउन विद्यार्थीलाई घरघरमा सन्देश पु¥याउन आह्वान गरे । धूमपान गर्ने व्यक्तिले आफूलाई मात्र रोगी पार्ने नभइ आफ्नो परिवार र आफू आसपासका व्यक्तिलाई पनि बिरामी पार्ने भएकाले सार्वजनिक स्थलमा धूमपान निषेध गर्न राज्य लाग्नुपर्नेमा उनले जोड दिए । युवा सृजनशील समाजकी अध्यक्ष शारदा लामाले सुर्तीको लत सानै उमेरदेखि लाग्न सक्ने भएकाले विद्यार्थी यसबाट टाढा रहनुपर्ने बताउँदै सुर्तीले आर्थिक, सामाजिक, वातावरणीय क्षय हुने मात्र नभई भविष्यका कर्णधारको जीवन नै जोखिममा पार्ने भएकाले सुर्ती सेवन र नगर्न अनुरोध गरिन् ।

# गरिबी हटाउन कृषि र पशुपालनमा जोड दिन आग्रह

**रासस**
**गण्डकी ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले देशको गरिबी हटाउन कृषि र पशुपालनमा जोड दिनुपर्ने बताएका छन् । पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय पोखराद्वारा शनिबार यहाँ आयोजित तृतीय प्रगति समीक्षा गोष्ठीमा मुख्यमन्त्री अधिकारीले कृषि र पशुपालनलाई अगाडि नबढाउँदासम्म गरिबी हटाउन नसकिने बताए । गण्डकी प्रदेशलाई मासु, माछा, अण्डा, दूधलगायतमा पूर्ण आत्मनिर्भर बनाउँदै निर्यात गर्न सक्ने अवस्थामा लैजाने उनले बताए ।

किसान तथा उपभोक्ताको हितका लागि विचौलियाको अन्त्य हुनुपर्ने आवश्यकता औँल्याउँदै मुख्यमन्त्री अधिकारीले यसको समाधानका लागि पशुपालक किसान र उपभोक्ताबीचमा सरकारले पुलको काम गर्न आवश्यक भएको उल्लेख गरे । विचौलियाका कारण किसानलाई लागत खर्च उठाउन मुस्किल हुँदा व्यवसायबाटै पलायन हुनुपर्ने अवस्था तथा उपभोक्तालाई चर्को मूल्य तिर्न बाध्य हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने उनको भनाइ थियो । स्थानीय तथा प्रदेश सरकारले न्यूनतम समर्थन मूल्य तोकेर मासु खपत गराउने र बजारसम्म पु¥याउने काम गर्नुपर्नेमा मुख्यमन्त्री अधिकारीले जोड दिए । मासु तथा दुग्धजन्य पदार्थ उत्पादन गरेपछि बेच्ने कहाँ भन्ने चिन्तासमेत हुने गरेकाले बजारीकरणसहित बजारको सुरक्षामा सरकारले ध्यान दिनुपर्ने उनले बताए । गण्डकी प्रदेशमा दोस्रो पञ्चवर्षीय योजनाको आधारपत्र बन्दै गरेका कारण त्यसलाई थप परिपक्क बनाउनका लागि सुझाव दिन मुख्यमन्त्री अधिकारीले आग्रह गरे । कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव डा टङ्कप्रसाद प्रसाईं, निर्देशनालयका महानिर्देशक डा प्रेरणा सेढाँइ (भट्टराई), डा बालकुमार श्रेष्ठ, डा सपनालक्ष्मी घिमिरे, भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डेले प्रगति विवरणसहितका प्रस्तुति राखेका थिए ।

# सीमाबासीको पीडा...

सञ्चालन नहुँदा ससाना व्यापारी गौर भन्सार पुगेर कारोबार गर्दा समस्या हुनेगरेको बताए । उनीहरूले कतिपय साना व्यापारीको गौर भन्सारसम्म पहुँच नभएका कारण बाध्य भएर अबैध बाटो हुँदै विभिन्न भारतीय सामान भित्र्याउँदा राज्यलाई लाखौँ राजस्व क्षति हुनेगरेकाले बंकुल भन्सार र बाराको कचोर्वा भन्सार सञ्चालनमा राज्यको ध्यान जानुपर्ने सहभागीले बताए ।

त्यसैगरी, सदरमुकाम गौर भएर चारपाङ्ग्रे सवारीसाधन आवतजावत भइरहे पनि कोरोनाकालमा बन्द गरिएको साना नाकाबाट आवतजावत शुरु हुनसकेको छैन । सीमासँग जोडिएका हजारौँ परिवार दैनिक उपभोग्य बस्तु खरिददेखि बिरामीको उपचारका लागि भारतीय बजारमा निर्भर छन् । यस्तो अवस्थामा शहर बजारदेखि भारतीय आफन्तसँग २४ सै घन्टा सम्पर्कमा हुन पर्ने हुँदा आउँदाजाँदा भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले विभिन्न बहानामा पटकपटक दुव्र्यवहार गर्नेगरेको सहभागीले पीडा पोखेको सशस्त्र प्रहरी रौतहटका एसपी बिक्रम हुमागाईंले बताए । छिमेकी जिल्ला बाराको तीन छोटी नाकाबाट चारपाङ्ग्रे सवारी साधन निर्बाध भारतबाट आवतजावत भइरहेको तर रौतहटमा सदरमुकाम गौरबाहेक अन्य नाकाबाट एसएसबीले पूर्ण प्रतिबन्ध लगाएको छ । सहभागीले सवारी आवागमन व्यवस्थापन, विवाह, पूजा तथा चाडपर्वमा आवश्यक सामान ल्याउन सहजीकरण, सीमाक्षेत्रमा अनियन्त्रित मदिरा व्यवसाय व्यवस्थित गर्न माग गरे । त्यसैगरी, उनीहरूले कुखुरा तथा पशुपछी तस्करी नियन्त्रण, निर्बाध भारतीय नम्बरको मोटरसाइकल आएर विभिन्न घटना गराइरहेकाले त्यसको नियन्त्रण तथा व्यवस्थापन गर्न सुझाव दिए । सहभागीहरुले गरेको माग र सुझावलाई राज्यसम्म पुर्याएर समाधानको पहल गरिने एसपी हुमागाईंले प्रतिवद्धता जनाए । अन्तरक्रियामा सीमा सहजीकरण समितिका पदाधिकारी, वडा अध्यक्ष, स्थानीयको सहभागिता थियो ।

# मधेशी जनताप्रति जिम्मेवार छुः प्रधानमन्त्री

**मधेशदृष्टि**
**सर्लाही ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले मधेशका जनताप्रतिको सम्मान र उनीहरूको आर्थिक एवम् सामाजिक विकासका निम्ति आफू प्रतिबद्ध रहेको बताएका छन् । नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र सर्लाहीको निर्वाचन क्षेत्र–४ ले बलरामा गरेको बृहत् पार्टी प्रवेश कार्यक्रममा प्रधानमन्त्री दाहालले पछिल्लो समय मधेशी जनतामा जागरण पैदा भएकाले जनता मुक्तिको पक्षमा उभिने विश्वास व्यक्त गरे ।



मिटरब्याजपीडितका समस्या समाधान गर्न र नागरिकताविहीन जनताको मागलाई सम्बोधन गर्न आफू नेतृत्वको सरकारले प्राथमिकताका साथ काम गरेको स्पष्ट पार्दै उनले आगामी दिनमा पनि मधेशका मुद्दालाई गम्भीरतापूर्वक लिएर सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे । आगामी नीति तथा कार्यक्रम एवम् बजेटमा मधेश प्रदेशलाई पहिलो प्राथमिकतामा राख्ने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले मधेशका जनताको पक्षमा निरन्तर प्रतिबद्ध भएर लाग्ने विश्वास दिलाए ।

तराईमा सिँचाइ र विद्युतीकरणका कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखेर काम अगाडि बढाएको उल्लेख गर्दै उनले भने, ‘मधेशको जमिन सिँचाइमा नहुँदासम्म उत्पादकतत्व बढ्दैन, जनताले रोजगारी पाउँदैन र समृद्धि पनि हासिल हुँदैन, त्यसैले मधेशमा सिँचाइ गर्ने मेरो प्राथमिकता छ ।’

आगलागी पीडितलाई राहत उपलब्ध हुने बताउँदै देशभर आगलागीबाट ठूलो क्षति भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आगजनीबाट भएको क्षतिप्रति दुःख व्यक्त गरे ।

उनले आगलागीबाट प्रभावित जनतालाई तत्कालका लागि ५० हजार रुपैयाँ प्रतिपरिवार राहत उपलब्ध गराउने मन्त्रिपरिषद्ले निर्णय गरेको जानकारी गराए । प्रधानमन्त्री दाहालले आगलागीबाट भएको क्षतिको अवस्था हेरेर थप राहत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । उनले गडहिया–डुमरिया नगरपालिका बलरा–८ स्थित जनता नमूना माविको नवनिर्मित भवन पनि उद्घाटन गरे ।

# बालन्यायको लागि राज्यले अभिभावकीय भूमिका खेल्छः प्रधान्यायाधीश

**रासस**
**काठमाडौँ ।**
सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले बालन्यायको महत्व र आवश्यकतालाई सम्बोधन गर्न राज्यले अभिभावकीय भूमिका खेल्ने बताएका छन् । काठमाडौँमा शनिबार आयोजित बाल न्यायसम्बन्धी राष्ट्रिय गोष्ठीमा उनले बालन्याय बालअधिकारको महत्वपूर्ण आयाम रहेकाले त्यसको महत्व र आवश्यकतालाई सम्बोधन गर्न राज्यले अभिभावकीय भूमिका खेल्ने बताए । उनले भने, ‘बालन्यायको उचित र प्रभावकारी कार्यन्वयन गर्नु प्रत्येक सभ्य राष्ट्रको दायित्व हो । त्यसैले नेपाल पनि त्यसमा प्रतिवद्ध छ ।’




उनले चालु आर्थिक वर्षमा काठमाडौँ उपत्यकामा एउटा छुट्टै बाल अदालतको स्थापना गर्ने सरकारको तयारी भएको बताउँदै बालन्याय प्रणालीलाई सुदृढीकरण गर्नेतर्फ विभिन्न प्रयासका बावजुद थुप्रै समस्या र चुनौती विद्यमान रहेको औँल्याए । कार्यक्रममा भारतीय सर्वोच्च अदालतका प्रधानन्यायाधीश धनञ्जय यशवंत चन्द्रचूडले बालबालिका समाजका भविष्य रहेका बताउँदै बालबालिकाको कमजोरी र आवश्यकता पहिचान गरी सम्बोधन गर्नुपर्ने बताए । ‘बालबालिका समाजको विभिन्न आयामसँग गुज्रिएका हुन्छन् । पारिवारिक विघटन, घरेलु हिंसा, गरिबी वा अरू कारणले गर्दा उनीहरूले आवश्यक मार्गदर्शन पाउँदैनन् र नकारात्मक प्रभावमा पर्दछन्’ उनले भने ।

बालबालिकालाई न्याय दिने कुरामा सम्पूर्ण कोणतर्फ ध्यानदिनु आवश्यक रहेको भन्दै चन्द्रचूडले विशेषगरी सीमान्तीकृत र पछि पारिएका समुदायका बालबालिकाले न्याय नपाउनेतर्फ सचेत रहँदै उनीहरूका तर्फबाट पनि आवाज उठाउनुपर्नेमा जोड दिए । विश्वभर नै साइबर क्राइमको जोखिम बढेको र त्यसमा मुख्य गरी बालबालिका निशानामा परेको पनि उनको भनाइ थियो ।

कार्यक्रममा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले बालबालिकाको क्षेत्रमा रहेका समस्या पहिचान गरी तिनको सामाधान गर्न आवश्यक ऐन कानुन बनाउनुपर्नेमा जोड दिए । ‘नेपालले बालबालिकासम्बन्धी महासन्धीमा पक्ष राष्ट्र भएर हस्ताक्षर गरेको छ, त्यसलाई अक्षरशः पालनाका लागि हामी प्रतिबद्ध र दृढ छौँ’ उनले भने, ‘धेरै सन्धी र कानुनलाई अङ्गिकार गरिए पनि व्यवहारमा कार्यान्वयन गर्ने कुरामा खरो उत्रनुपर्ने आवश्यकता महसुस भएको छ । भविष्यमा ठोस् कदम चाल्ने छौँ ।’

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले देशमा बाल सुधार गृहको अवस्था निकै नाजुक रहेको बताइन् । उनले क्षमताभन्दा बढी बालबन्दीहरू एकैठाउँमा रहनुपर्ने बाध्यता रहेको भन्दै सुधारको पाटोमा जोड दिनुपर्ने बताइन् । उनले भनिन्, ‘प्रत्येक जिल्लामा बाल न्यायिक समितिहरू छन् तर बालबालिकाहरूले साँच्चिकै न्याय पाएका छन् त ? त्यसमा पनि सोच्नुपर्छ । बाल न्यायसम्बन्धी थुप्रै कानुन बने पनि कार्यान्वयनको पाटो कमजोर रहेकाले अब सुधार्दै लैजानुपर्छ ।’ नेपालका लागि युनिसेफ प्रतिनिधि एलिश आकुङ्गाले युनिसेफले बालअधिकारमा सहयोगी साझेदारका रूपमा काम गर्दैआइरहेको बताए । बाल न्यायसम्बन्धी सबै कानुन र नियमहरूको सङ्कलनसहित विशेष गरी कठिन परिस्थितिहरूमा बालबालिकासँग सम्बन्धित विभिन्न विषयमा अध्ययन गरी कार्य गर्दैआइरहेका पनि उनको भनाइ छ । केन्द्रीय बालन्याय समितिका अध्यक्ष एवम् सर्वोच्च अदालतका न्यायाधीश डा आनन्दमोहन भट्टराईले बालन्यायको पाटोमा थुप्रै चुनौती भए पनि केही हदसम्म उपलब्धि हासिल गरेको दाबी गरे । उनले भने, ‘बाल न्यायसम्बन्धीको अवस्थालाई सुधार गर्न हामीसँग स्रोतसाधनका आवश्यकता छ । तथापि हामीले बाल सुधार गृह थप्ने र सुधारका लागि पहल गरिनै रहेका छौँ ।’

# जलवायु परिवर्तनको असरसँग जुध्न एडिबीको सहयोग

**रासस**
**काठमाडौँ ।**
एसियाली विकास बैङ्क (एडिबी)ले जलवायु परिवर्तनको असरसँग जुध्न नेपाललाई थप सहायता उपलब्ध गराउने भएको छ । एडिबीको ५७औँ वार्षिक बैठकमा सहभागी हुन जर्जियाको राजधानी त्बिलीसी पुगेका अर्थसचिव मधुकुमार मरासिनीसँगको साइडलाइन वार्तामा एडिबी अध्यक्ष मासात्सुगु आसाकावाले उक्त प्रतिबद्धता जनाएका हुन् । अर्थसचिव मरासिनीले जलवायु परिवर्तनमा नगण्य योगदान भए पनि नेपाल त्यसबाट उच्च प्रभावित मुलुकको सूचीमा रहेको भन्दै त्यससँग जुध्नका लागि सहयोग बढाउन प्रस्ताव गरेका थिए ।

अध्यक्ष मासात्सुगुले नेपाललाई जलवायु परिवर्तनका नकारात्मक प्रभावसँग जुध्न सहयोग बढाइने बताउनुभएको भेटमा सहभागी अर्थ मन्त्रालयका सहसचिव एवं अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख श्रीकृष्ण नेपालले जानकारी दिए । ‘जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेका समस्याका बारेमा म जानकार छु । थप सहयोगका लागि एडिबी तत्पर छ’, मासात्सुगुको भनाइ उद्धृत गर्दै उनले भने ।

भेटका क्रममा सचिव मरासिनीले एडिबीले नेपालको विकासमा पु¥याएको योगदानको सराहना गर्दै विकास वित्तको कमी पूरा गर्न थप सहयोगका लागि आग्रह गरे । अध्यक्ष मासात्सुगुलाई नेपाल भ्रमणको निमन्त्रणा पनि उनले दिए ।

जवाफमा अध्यक्ष मासात्सुगुले एडिबीले नेपाललाई प्राथमिकतामा राखेको जानकारी दिँदै उपयुक्त समयमा नेपाल भ्रमण गर्न इच्छुक रहेको बताए ।

सचिव मरासिनीले एडिबी उपाध्यक्ष एङ्गमिङ्ग याङ्गसँग पनि भेट गरेका छन् । त्यस क्रममा नेपालमा निजी क्षेत्रको विकास, निजी लगानी विस्तार, पोर्टफोलियो कार्यान्वयनमा सुधार, पाइपलाइनमा रहेका विकास आयोजना मुख्य गरी जलाशययुक्त दूधकोशी जलविद्युत् आयोजना, मेलम्ची खानेपानी आयोजना र बजेटरी सहायताका कार्यक्रम समयमै सम्पन्न गर्नेबारे सहमति भएको सहसचिव नेपालले जानकारी दिए । सहसचिव नेपालका अनुसार सहुलियतपूर्ण स्रोत परिचालन बढाउन कार्यान्वयन क्षमतामा सुधार गर्नुपर्ने तथा जलवायु वित्तमा पहुँच बढाउन दुवै पक्षले सहकार्य गर्ने समझदारी भएको छ । उपाध्यक्ष याङ्गले जारी कन्ट्री साझेदारी प्रेमवर्क तयारी विश्व बैङ्कसँगको सहकार्यमा भइरहेकामा अन्य मुलुकका लागिसमेत यो नमूना हुनसक्ने बताएका थिए ।

# चिम्टीका अग्निपीडितलाई दैनिक निःशुल्क खाना



**रासस**
**राजविराज ।**
सप्तरीको महादेवा गाउँपालिका–१ चिम्टीका अग्निपीडितलाई विभिन्न सङ्घसंस्थाले निःशुल्क खाना खुवाउने व्यवस्था मिलाएको छ । सप्तरी युथ नेपाल र नुर वेलफेयर सोसाइटी सप्तरीको संयुक्त आयोजना तथा स्वतन्त्र विद्यार्थी युनियन महेन्द्र विन्देश्वरी वहुमुखी क्याम्पस राजविराज, मिसन कलेज र पदमा एन्ड टुरिजम बथनाहाको सहकार्यमा खाना खुवाउने व्यवस्था मिलाइएको हो । सो कार्यक्रमअन्तर्गत बिहान र बेलुका निःशुल्क खाना खुवाउने गरिएको सप्तरी युथ नेपालका कार्यवाहक अध्यक्ष मोहनकुमार यादवले जानकारी दिए ।

परामर्श सेवा केन्द्रले अग्निपीडितका लागि एक सय किलो चामल, २५ किलो दाल, पाँच लिटर खानेतेल, ५५ किलो तरकारी, ५० किलो तरबुजा, ४० किलो दही र दुई कार्टुन पानी उपलब्ध गराएको छ । चिम्टी अग्निपीडितलाई कर परामर्श सेवा केन्द्र राजविराजले खाद्यान्न उपलब्ध गराएको छ । सप्तरी युथ नेपालका विपद् व्यवस्थापन समिति संयोजक सत्येन्द्र यादवका अनुसार दैनिक भोजन सेवा सञ्चालन गरी खाना खुवाउने व्यवस्था मिलाइएको हो । उनका अनुसार अग्निपीडितलाई दैनिक बिहान र बेलुका खाना खुवाउने गरिएको छ । विगत पाँच दिनदेखि बिहान र बेलुका निःशुल्क रुपमा दैनिक भोजन सेवा अन्तर्गत एक दिन बिहानको खाना, राजविराज नगरपालिका–१० बिरोलका स्थानीय र बेलुकाको खाना गैरआवासीय अन्तर्राष्ट्रिय संस्थाले सहयोग गरेको संयोजक यादवले जानकारी दिए ।

**अग्निपीडित खुल्ला आकाशमुनि**

महादेवा गाउँपालिका–१ चिम्टीका अग्निपीडित ७५ वर्षीया लोखनीदेवी यादवको परिवार छिमेकीबाट मागेर ल्याएको पुरानो त्रिपालमुनि बसिरहनुभएको छ । उहाँको परिवारलाई दिन र रात कटाउन मुस्किल परेको छ । आगलागीबाट पूर्णरुपमा घर जलेपछि चर्को घाममा पालमुनि बस्दा गर्मीले सताउने र राति सुत्न, बस्न समस्या हुने गरेको उनले दुखेसो गरिन् । वैशाख महिनामा दिउँसो हावाहुरी चल्न थालेपछि जीउभरि धुलो हुने गरेको उनले बताइन् । उनले समस्या समाधानका लागि सरकारलाई सहयोगको आग्रह गरिन् । अर्का अग्निपीडित दुर्गाप्रसाद यादवले सर्वस्व आगोमा जलेपछि गुजारा गर्ने कुनै उपाय नरहेको बताए । उनले च्युरा, मुरहीबाहेक अन्य कुनै राहत नपाएको गुनासो पोखे ।

७५ वर्षीया अग्निपीडित दुखनीदेवी यादवले बस्ने, खाने, सुत्ने केही उपाय नरहेपछि खेतमा त्रिपाल टाँगेर बस्न बाध्य भएको सुनाइन् । उनले भनिन्, 'यो एउटा पातलो त्रिपालमा छ जना छोरी, एउटा छोरा र नातिनातिनालाई कसरी सुरक्षित राख्ने भन्ने चुनौती छ ।' आगलागीमा परेको पाँच दिन बित्दासमेत दुईचार केजी च्युरा, मुरहीबाहेक केही नपाएको उनको गुनासो छ । वडाअध्यक्ष जयकिशोर दासले पहिलो चरणमा राहतस्वरुप चाउचाउ, मुरही, चिउरा, पानी अग्निपीडितलाई वितरण गरिएको जानकारी दिए । अग्निपीडितलाई राहत जुटाउने कार्य जारी रहेको उनको भनाइ छ । महादेवा गाउँपालिकाले विभिन्न सङ्घसंस्था र स्थानीय प्रशासनसँग पहल गरी रहेको जनाएको छ । स्थानीय शत्रुधन यादवको गाईगोठमा राखेको परालको थुप्रोबाट गत मङ्गलबार दिउँसो सल्किएको आगो निभाउन नसक्दा महादेवा गाउँपालिका–१ चिम्टीका ६२ परिवारको एक सय १४ घर जलेको थियो । जिल्ला प्रशासन कार्यालयले चिम्टीमै सहायता कक्ष स्थापना गरेको छ ।

**चिम्टीका अग्निपीडितलाई राहत**

आगलागीबाट घर नष्ट भएका चिम्टीका अग्निपीडितलाई यहाँस्थित नेपाल मुस्लिम समाज सेवालगायत विभिन्न सङ्घसंस्थाले राहत सामग्री प्रदान गरेका छन् । नेपाल मुस्लिम समाज सेवा सप्तरीका उपाध्यक्ष अफरोज आलमका अनुसार सप्तरीले महादेवा गाउँपालिका–१ चिम्टी टोलका अग्निपीडित ६२ परिवारलाई भाँडावर्तनलगायत सामग्री प्रदान गरिएको हो । नेपाल–भारतमैत्री सङ्घले पीडितलाई १० किलो चामल, दुई किलो दाल र नुन, एक किलो चिनी लुङ्गी, साडी, तन्ना, झुल, प्रदान गरेको छ । सप्तरी युथ नेपाल र नुर वेलफेयर सोसाइटीले नियमितरूपमा पीडितलाई भोजनको व्यवस्था गरेको छ । गत मङ्गलबार महादेवा गाउँपालिका–१ चिम्टीमा आगलागी हुँदा त्यहाँका ६२ परिवारका एक सय १४ वटा घर जलेका थिए ।

# औषधी व्यवसायी संघ महोत्तरीको नयाँ नेतृत्व चयन




**मधेशदृष्टि**
**महोत्तरी ।**
नेपाल औषधी व्यवसायी संघ महोत्तरी जिल्ला कार्य समितिको दोश्रो अधिवेशनबाट पदाधिकारीहरु निर्विरोध चयन गरिएको छ । जिल्लाको सदरमुकाम जलेश्वरको उद्योग वाणिज्य संघको सभाहलमा शनिबार आयोजना गरिएको दोश्रो अधिवेशनबाट अजय कुमार साहको अध्यक्षतामा १३ सदस्यीय पदाधिकारीहरु निर्विरोध चयन भएका हुन् ।

निर्वाचन अधिकृत ज्ञानेन्द्र कुमार लाल कर्णका अनुसार समितिको वरिष्ठ उपाध्यक्षमा लव कुमार सिंह, थोक उपाध्यक्षमा मनोज कुमार गुप्ता, खुद्रा उपाध्यक्षमा अरुण कुमार पाठक, महासचिवमा जय प्रकाश जालान, कोषाध्यक्षमा दिपक बहादुर कार्की निर्विरोध चयन भएका छन् ।

त्यसैगरी सचिवमा प्रशान्त कुमार गुप्ता, उप कोषाध्यक्ष्माँ मणिभुषण ठाकुर, सदस्यहरुमा उमाशंकर प्रसाद साह, कामेश्वर मिश्र, रामअधिन महतो, चन्द्रमोहन कनौजिया तथा नागेन्द्र साह निर्विरोध चयन भएका छन् । समितिमा अन्य दुई सदस्य पछि अध्यक्षले मनोनित गर्ने विधानको व्यवस्था रहेको छ ।

यसैबीच, दोश्रो जिल्ला अधिवेशनको उदघाटन सत्रमा अधिकांश वक्ताहरुले औषधी व्यवस्था विभागले औषधी व्यवसायीहरुलाई दुःख दिने कार्य मात्रै गरेको आरोप लगाए । उनीहरुले एकजुट भएर लाग्ने हो भने यस्ता कार्यहरुलाई सहजिकरण गर्न सजिलो हुने उपाय समेत सुझाए । नेपाल औषधी व्यवसायी संघका केन्द्रीय अध्यक्ष प्रकाशकुमार खण्डेलवालले नियमनको नाममा औषधी व्यवसायीहरुलाई दुःख दिने र मनोवल कमजोर बनाउने कार्यहरु भइरहेको बताए । उनले आफूहरु औषधी व्यवसायीहरुको समस्या समाधानको लागि सदैव पहल गरिरहेको जानकारी दिदै एकजुट भएर लाग्ने हो भने समस्याहरु समाधान गर्न सहज हुने बताए । उनले औषधी व्यवसायीको क्षेत्रमा प्राविधिक तालिमको अत्यन्तै महत्व रहेको सुनाउँदै संघले सदैव तालिम सञ्चालन गरिरहेको र यसले जिल्ला समितिका सदस्यहरुलाई समेत फाइदा हुने विश्वास समेत व्यक्त गरे ।

कार्यक्रममा विशेष अतिथी जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनारले अलिकति पनि सास रहेको मान्छेलाई जिवन्त तुल्याउन औषधीको महत्वपूर्ण योगदान रहेको भन्दै औषधी जस्तो अत्यावश्यक र संवेदनशील क्षेत्रमा काम गर्ने सबैलाई धन्यवाद ज्ञापन गरे । उनले जलेश्वर क्षेत्रमा समेत अनुगमन आउँदा औषधी पसलको सटरै बन्द गरेर भाग्नुपर्ने कार्यलाई निरुत्साहित गर्न जरुरी रहेको र यसमा जलेश्वर नगरपालिका र औषधी व्यवसायी संघले संयुक्त पहल गर्न जरुरी रहेको बताए ।

औषधी व्यवसायी संघका धनुषा अध्यक्ष प्रमोद अग्रवालले कुनै बेला नबेच्ने औषधी किन बेचेको ? कुनै बेला अन्य औषधी किन बेचेको ? लगायतका विभिन्न नाउँहरुमा विभागले व्यवसायीलाई दुःख दिने काम गरेको गुनासो गर्दै यसको विरुद्ध संगठनहरुले एकजुट भएर लाग्न जरुरी रहेको बताए ।

कार्यक्रममा औषधी व्यवसायी संघ मधेश प्रदेशका महासचिव पप्पु कुमार झाले संविधानले स्थानीय तहहरुलाई समेत अनुगमनको अधिकार दिएपनि स्थानीय तहहरुले सुविधा दिएर मात्रै अनुगमन गर्न आग्रह गरे । सुविधा नदिने तर अनुगमन मात्रैले समस्या समाधान नहुने भन्दै उनले औषधी व्यवसायीहरुलाई व्यवस्थित गर्ने कार्यमा स्थानीय तहले सहयोगको अपेक्षा गरे ।

# पाँच हजार फूलका विरुवा रोपियो

**मधेशदृष्टि**
**वीरगंज ।**
कृषि उद्यममा लागेका युवालाई प्रोत्साहित गर्न वीरगंज महानगरपालिका नगर प्रमुखसहित सुरक्षा निकायका प्रमुख लगायतले पाँच हजारभन्दा बढी फूलका विरुवा रोपेका छन् । वीरगंज महानगरपालिका वडा नम्बर १६ इनर्वामा स्थानीय युवा रमेश पटेलले ६ महिना पहिलेदेखि फूलको व्यवसायिक खेती गर्दै आएका छन् । कृषि उद्यममा लागेका पटेललाई प्रोत्साहित गर्न ग्रिन सिटी सामुदायिक केन्द्रको पहलमा वीरगंज महानगरपालिका नगर प्रमुख राजेशमान सिंह, सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज रिजालसहितको टोलीले शनिबार पटेलले फूलको व्यवासियक खेती गर्दै आएको जग्गामा पाँच हजार बढी फूलको विरुवा रोपेका हुन् ।

पटेलको फूल बगैचामा शनिबार १० कठ्ठा जग्गामा गुलाब, सत्रपत्री, कामनी लगायतका प्रजातिका पाँच हजार बढी विरुवा रोपिएको ग्रिनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जय प्रकाश खेतानले जानकारी दिए । रोजगारीको अभावमा युवाहरु विदेश पलायन भइरहेको अवस्थामा पटेलले आफनै माटोमा केहि गर्छु भनेर कृषि उद्यम गरिरहेकोले उनलाई प्रोत्साहित गर्न आँफुहरुले उनको खेतमै पुगेर पाँच हजार बढी विरुवा रोपिदिएको खेतानले बताए । यसअघि ६ महिनापहिले पनि पटेलले फुलको व्यवसायीक खेती सुरु गर्दाको समयमा आफूहरुले दुई हजार विरुवा रोपेको जानकारी खेतानले दिए ।

सामूहिक रुपमा फूल रोप्ने कार्यक्रमलाई सम्बोधन गर्दै वीरगंज महानगरपालिका नगर प्रमुख राजेशमान सिंहले पटेल जस्ता कृषि उद्यममा लागेका युवाहरुलाई महानगर पालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले देशमा रोजगार र काम गर्ने वातावरण नभएको भन्दै विदेशीने युवाहरुका लागि स्वदेशमै केही गर्छु भनेर पटेल जस्तै युवाले उदाहरण प्रस्तुत गरेकोमा खुशी लागेको बताए । कार्यक्रममा वीरगंज महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृकाप्रसाद भट्टराई, वीरगंजस्थित भारतीय महावाणिज्य दूत डि.एस.मीना , सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज रिजाल लगायतको सहभागिता रहेको थियो ।

# सशस्त्रद्वारा आगलागीपीडितलाई राहत वितरण

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको विष्णु गाउँपालिकास्थित बाराउद्योरण गाउँका आगलागीपीडितलाई सशस्त्र प्रहरीले राहत सामग्री वितरण गरेको छ । शनिबार विष्णु गाउँपालिका–१, बाराउद्योरणस्थित सशस्त्र प्रहरीको बेस क्याम्पमा औपचारिक कार्यक्रम गरी राहत सामग्री वितरण गरेको हो । सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीले आगलागीपीडित ५० परिवारलाई राहत सामग्री प्रदान गरेको हो । वाहिनीपति एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक (डिआइजी) दीपेन्द्र शाहले पीडितपरिवारलाई कम्बल, तन्ना, सिरानी, थाल, कचौरा, गिलास पानीको बोटललगायत राह सामग्री प्रदान गरे ।


राहत वितरण कार्यक्रममा विष्णु गाउँपालिकाका अध्यक्ष जवाहारलाल राय यादवले आगलागी नियन्त्रणका लागि सशस्त्र प्रहरी बलले ज्यानको बाजी राखेर सहयोग गरेकामा धन्यवाद दिए । उनले विपद् तथा सीमा सुरक्षामा सशस्त्र प्रहरीको भूमिकाको प्रशंसा गरे । राहत वितरणमा सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक विनोदराज खनाल, प्रस्तावित सीमा सुरक्षा गुल्म सिमराका सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी) युवराज खड्का, बोर्डर आउट पोष्ट (बिओपी) बाराउद्योरणका सशस्त्र प्रहरी निरीक्षक सुवासचन्द्र मैनाली, बलरा नगरपालिका–१, का वडाध्यक्ष बिकाउ ठाकुरलगायतको उपस्थिति थियो ।

# बागमती सिँचाइ आयोजना ब्यारेजको तीन दशकछि जीर्णोद्धार

**रासस**
**जनकपुरधाम ।**
बागमती सिँचाइ आयोजनाको मुख्य संरचना (ब्यारेज)को तीन दशकपछि मर्मतसम्भार कार्य तीव्र गतिमा सुरु भएको छ । चार सय तीन मिटर लम्बाइ रहेको सो ब्यारेज लामो समयदेखि मर्मतसम्भार नहुँदा ब्यारेजको संरचना समाप्त हुने खतरा थियो ।

सर्लाही तथा रौतहटका किसानको खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पु¥याउँदै आएको सो आयोजनाले सम्बन्धित किसान तथा जलउपभोक्ता समितिको संयुक्त बैठकको निर्णयानुसार सो आयोजनाको ब्यारेजसहित संरचनाको मर्मतसुधार कार्य सुरु भएको हो । आयोजनाको विशेष पहलमा ३० जलउपभोक्ता समिति तथा किसानको बैठकले तत्काल सिँचाइका लागि दिँदै आएको पानी बन्द गर्ने निर्णयसमेत गरेको छ ।

यही वैशाख १३ गतेदेखि आगामी जेठ २० गतेसम्म सो ब्यारेजको मर्मतसुधार गर्नुपर्ने भएकाले सो अवधिमा कुनै पनि बाली उत्पादन नहुँदा तथा पानी आवश्यक नभएको अवस्थामा मर्मतसुधार अगाडि बढाइएको आयोजना प्रमुख भिलानन्द यादवले जानकारी दिए । दुई वर्षअगाडि सो ब्यारेजको मर्मतसुधारका लागि 'टेन्डर' आह्वान भए पनि किसानले पटक पटक पानीको माग तथा ठेकेदार कम्पनीको ढिलासुस्तीले ब्यारेज मर्मतसुधारमा समस्या आएको थियो ।



आयोजनाका डिभिजनल इन्जिनियर अनुभव चौधरीले लामो समयदेखि ब्यारेजको मर्मतसुधार नहुँदा ब्यारेजको तल्लो पक्की ढलान पूर्णरुपमा फुटेको, ढोका कमजोर भएका, प्लास्टर उप्किएपछि रडहरु देखिएको तथा रड खिया लाग्ने अवस्थामा पुगेको, पर्खाल भत्किएको, जथाभावी फोहोरमैला जमेकाले सुधारको कार्य भइरहेको बताए । ब्यारेजको सरसफाइ, रङ्गरोगन, सिमेन्ट ढलान, तारजाली बिछ्याउने, बिम्व राख्ने, पर्खाल निर्माण, ढोका मर्मतसुधारलगायत कार्य भइरहका छन् । '६५ लाख रुपैयाँको लागतमा ब्यारेजको मर्मत भइरहेको छ', इन्जिनियर चौधरीले भने । विसं २०३५ मा नेपाल सरकारको लगानीमा निर्माण सुरु भएको सो आयोजनाले २०५० सालदेखि सिँचाइ सुविधा पु¥याउँदै आएको छ । चार सय तीन मिटर लम्बाइ रहेको सो आयोजनाको ब्यारेजमा ५० ढोका तथा दुई मूल नहर रहेका छन् । पूर्वतर्फ ६४.४ क्युसेक पानीको बहाव क्षमता तथा पश्चिमतर्फ ४८. ४ क्युसेक पानीको बहाव क्षमता रहेको छ । पूर्वी नहरबाट २२ हजार ६ सय हेक्टर तथा पश्चिमी नहरबाट २३ हजार तीन सय ४० हेक्टर जमिनमा सिँचाइ भइरहेको उनले बताए ।

पश्चिमी मूल नहरअन्तर्गत रौतहटको भलोहिया, वहुवरी तथा वग्ही गरी तीन शाखा तथा सर्लाहीको मानपुर, गढैया र लक्ष्मीपुर गरी तीनवटा शाखा रहेका छन् । ती शाखाबाट पनि उपशाखा र नहरबाट खेतमा सिँचाइ गर्ने काम भइरहेको छ । सो आयोजनाको एक लाख २२ हजार हेक्टरमा सिँचाइ गर्ने लक्ष्य छ । सुनकोशी मरिनडाइभर्सन निर्माण भएपछि सो आयोजनालाई २०८२ सालदेखि ६७ क्युसेक पानी उपलब्ध हुने तथा त्यसबाट धनुषा, महोतरी, सर्लाही, रौतहट र बारा जिल्लामा समेत सिँचाइ हुने आयोजनाले जनाएको छ ।

सो आयोजनामा तीन सय कर्मचारी कार्यरत छन् । आयोजनाको चालु आर्थिक वर्षमा ८३ करोड रुपैयाँ बजेट रहेको छ । सो आयोजनाको चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा भौतिक प्रगति ६५ प्रतिशत तथा वित्तीय प्रगति ६० प्रतिशत भएको इन्जिनियर चौधरीले जानकारी दिए । यसअघि २०५० सालमा गएको बाढीबाट आयोजनामा क्षति पुगेको थियो ।

*मानिस जन्मदा स्वतन्त्र जन्मछ त्यसपछि ऊ चौतर्फी सांग्लोले बाँधिन्छ ।*

*–रूसो*

## सम्पादकीय

# पानीको अभाव र आतंकित जनजीवन

*मधेश प्रदेशमा यतिखेर वातावरण निकै तातिएको छ । डढेलोले ४६ करोड रुपैयाँ बराबरको क्षतिको प्रारम्भिक विवरण बाहिर आएको छ । मधेश प्रदेशका विभिन्न जिल्लामा आगलागीबाट पछिल्लो  १० महिनामा ४६ करोड रुपैयाँ भन्दा बढी मूल्य बराबरको धनसम्पत्ति जलेर नष्ट भएको प्रहरीको भनाइ छ । तर वैशाखमा मात्र मधेशमा जनजीवन नै आतंकित पार्ने गरी आगलागी भए । यसले मधेशको तापक्रम निकै बढायो र धेरैलाई निरपेक्ष गरिबीको रेखामुनि ल्याइदियो । आगलागीका कारण सैयौँ घरबारविहीन भएका छन् । उनीहरुको बसोबासको अझै सुरक्षा हुन सकेको छैन । उनीहरु चर्को घाममा त्रिपालमुनि जीवन गुजारिरहेका छन् । यो कष्टकर जीवनबाट उनीहरुलाई सहजै उन्मुक्ति मिल्ने अवस्था छैन । किनभने उनीहरुलाई पहिला घर चाहिएको छ । तर स्थानीय, प्रदेश र संघ सरकारले राहत नदिएसम्म घर बनाउन सक्ने अवस्था निरपेक्ष गरिबीको रेखामुनि रहेका मधेशी अग्निपीडितको देखिएको छैन । यसैले उनीहरुको कष्टकर जिन्दगी बितिरहेका छन् ।*

*मधेश प्रदेश प्रहरी कार्यालयले आगलागीका सम्बन्धमा जिल्लाबाट सङ्कलन भएका तथ्याङ्क विवरणमा आठवटै जिल्लामा आगलागीबाट क्षति भएको जनाएको छ । मधेशका आठ वटै जिल्ला आगलागीको जोखिममा परेका छन् । कुनै पनि बेला सानो फिलिंगोले बस्ती सखाप पार्ने सम्भावना छ । उता, पानीको स्रोत अभाव छ । स्थानीय तहले दमकल किनेका छैनन् । दमकल किन्ने रुचि पनि राखेका छैनन् । मधेशको जनजीवन अरु कष्टकर बन्दै गइरहँदा चुरे दोहन, अपराध वृद्धि, लागुऔषध ओसारपसार, जाली नोट र साना हतियारको अपराधले पनि मधेश अरु अपराधको ट्रान्जिट भइरहेको छ । मधेशलाई स्वच्छ, बस्न योग्य, सशासनको शहर कसरी बनाउने भन्नेमा कसैको पनि राय देखिन्न । सबै आफ्ना स्वार्थका नारामा लागेका छन् । यसले मधेशको प्रगतिको पांग्रो भने रोकिएको छ । यो गलत भइरहेको विषयमा नागरिक समाज, बौद्धिक जमातले चिन्तन् गरेर लेखे पनि पढ्नेले नपढेपछि, कार्यान्वयन गर्नुपर्नेले हात बाँधेर बसेपछि मधेश उँभो लगाउने जिम्मा लिएकाहरुबाटै मधेशप्रति धोका भइरहने पक्का छ ।*

*आगलागीको मात्रै विवरण हेर्ने हो भने धनुषामा आठ करोड ४९ लाख रुपैयाँ, महोत्तरीमा चार करोड १४ लाख रुपैयाँ, सर्लाहीमा चार करोड ४१ लाख रुपैयाँ, सप्तरीमा पाँच करोड ४१ लाख रुपैयाँ, सिरहामा आठ करोड ४९ लाख रुपैयाँ, रौतहटमा चार करोड ९८ लाख रुपैयाँ, बारामा चार करोड १७ लाख रुपैयाँ र पर्सामा पाँच करोड ७२ लाख रुपैयाँ बराबरको क्षति भएको छ । सिरहा सबैभन्दा बढी तथा सर्लाही कम क्षतिका जिल्ला बनेका छन् । तर यी जिल्लामा आगामी वर्षलाई पूर्वतयारीको विषय कहिल्यै छलफलमा आउँदैन । अनि सिरहाका दुई सय १६ तथा सर्लाहीका एक सय छ अग्निपीडितका घर बनाउने विषयमा पनि भगवानभरोसे अवस्था छ । लामो समयदेखि आकाशे पानी नपरेको तथा तातो हावा र बढ्दो गर्मीका कारण आगलागीका घटना अत्यधिक भएका छन् । तर नागरिकको सुरक्षा, राहत र मधेशको विषयमा चासो कम लिनेहरु शासनसत्तामा पुगिरहेका छन् ।*

### ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

### ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# जनकसीता ऐतिहासिक कि काल्पनिक



**डा. रामसागर पण्डित**




यस लेखलाई शुरुगर्दा सबैभन्दा पहिले 'इतिहास' को अर्थलाई प्रष्ट गर्न चाहन्छु। इतिहास एउटा ज्ञानको त्यो शाखा हो जसले विगतका राजनीतिक, सामाजिक, आर्थिक विषयवारे अध्ययन गर्दछ। ती विषयहरू कुनै देश, महादेश वा विश्वसँग नै सम्बन्धित हुन सक्छ । यस्ता ऐतिहासिक घटनाहरूलाई तीन भागमा बाँडेर अध्ययन गरेका छन्। अब यहाँ प्रश्न उठ्छ के जनकसीता एउटा ऐतिहासिक पात्रहरू हुन् त ! यसको उत्तरमा इतिहासको पनि केही आफ्नै आधारहरू छन्। इतिहासलाई यस्ता आधारहरूले पुष्टि गरेका हुन्छन्। ती आधारहरू क्रमशः भूमिको भूगोल, पुरातात्विक प्रमाणहरू, घटनाहरू दोहोरिएका ऐतिहासिक विषयवस्तु, समय अनुसार पात्रहरूका वंशावली, वैज्ञानिक विधिले प्रयोग गरेका ऐतिहासिक तिथिमितिहरू रहेका छन् । जब इतिहास परम्परासँग मिल्छ, परम्परा विज्ञानसँग मिल्छ, विज्ञान प्रकृतिसँग मिल्छ, तब हामी सहीमा प्राकृतिक मानिसहरूको रूपमा विकसित हुन सक्छौं।

इतिहासलाई भविष्यको ऐनासँग जोडिएर हेर्ने गरिन्छ। हामी जवसम्म आफ्ना विगतका ऐतिहासिक कुराहरू थाहा पाउँदैनौं तबसम्म भविष्यमा हाम्रो अवस्था कस्तो हुने हो थाहा पाउने छैनौं । अब यहाँ प्रश्न उठ्छ, के जनकसीता ऐतिहासिक हो कि होइनन् ? हाम्रा पूर्वीय विद्वानहरू यसलाई हिष्ट्रीसिटि .वास्तविकता) सँग जोडेर हेरेका छन्। यो एउटा प्राचीन घटनासँग जोडिएको छ। यसको भौगोलिक क्षेत्र थियो । यसको तिथिमिति उल्लेख छन् । यसको पुरातात्विक प्रमाणहरू छन् । यसका ऐतिहासिक आख्यानहरू छन् । यसका आफ्नै संस्कृति, कला, भाषा, नृत्यसंगीत, रहनसहन, भेषभूषा रहेका थिए । जो पूर्णरूपेण एउटा ऐतिहासिक घटनासँग मिल्न आउँछ।

अर्कोतिर कतिपय पाश्चात्य विद्वानहरू यसलाई अभौतिक पात्रहरू रहेका एउटा मिथक कथाका रूपमा लिएका छन्। यस्तै कुरा नेपाल पर्यटन बोर्ड, मृकुटीमण्डप, काठमाण्डु, नेपाल, पर्यटन सेवा केन्द्रद्वारा प्रकाशित र थोमस केलीद्वारा लिखित 'जनकपुरधाम' द लैण्ड स्टीप्ड इन माइथोलोजीद्वारा यस्तै मिथक कुरालाई प्रमाणित गर्न खोजेका छन्। यहाँले जनकसीतालाई कुनै विषय वा व्यक्ति बारेको कथा संग्रहको रूपमा लिएका छन्। माइथोलोजिकल शब्द मिथ वा मिथ्ससँग जोडिएको हुन्छ । अर्को अर्थमा अवास्तविक घटनाको रूपमा लिएका छन्। यस्ता लेख, पुस्तक, ग्रन्थ आदि लिखित डोकुमेन्टहरूले हाम्रा जनकसीतालाई सत्य इतिहासको रूपमा स्वीकार्न तयार छैनन् । उनीहरू एउटा काल्पनिक इतिहासको कथासँग जोडेर लिएका छन्।

जब ब्रिटिशहरू भारतमा आफ्ना शासन शुरु गरेका थिए त्यसबेला भारतीयहरूमा निकै धेरै मिथक कथाहरू प्रचलनमा थिए। त्यसलाई नबुझी भारतीयहरूमाथि राम्रोसँग शासन गर्न सकिँदैन भने निष्कर्ष निकाली भारतीय संस्कृतिको अध्ययन शुरू गरेका थिए। यसैबेला बारेन हेस्टिङ्गस धेरै भारतीय विद्वानसँग भेटेर धेरै भारतीय संस्कृति बारे अध्ययन गरी इष्ट इन्डिया कम्पनीका डारेक्टरलाई बुझाएका थिए। यसरी अध्ययन पश्चात इष्ट इन्डिया कम्पनीका निर्देशक १८०६ र १८०८ मा एउटा डिबेट (छलफल) ब्रिटेनमा व्यवस्थापन गरेका थिए। यो डिबेटले ३० पेपर प्रस्तुत गर्न लगाएका थिए जो १०० पेजका थिए। जसले निकै धेरै धार्मिक संस्थाहरूबारे पनि चर्चा गरेका थिए। ब्रिटेनले १८१३ मा मि. जेम्स मील र मि. चाल्सग्रान्टलाई भारतीय इतिहास लेख्ने जिम्मा दिएका थिए। वहाँले निष्कर्षमा के देखाएका थिए भने निकै धेरै भारतीय साहित्य मिथक÷अवास्तविक कुरामा आधारित छन्।

त्यसबेला नेपाल र भारतमा त्यस इतिहासको निकै धेरै प्रभाव परेको थियो । अहिलेपनि नेपाल र भारतीय संस्कृतिमा कुनै खासै भिन्नता देखिँदैन । नेपालका उत्तरी हिमाली क्षेत्रमा बसोवास गर्ने जाति र प्रजातिहरूका संस्कृति तिव्बतसँग मिलको देखिन्छ। त्यसैले नेपालको प्रसिद्ध ठाउँ जनकपुरमा त्यसको प्रभाव पर्नु स्वभाविक थियो । त्यसबेलादेखि नेपाल भारतमा यस्ता कुराहरू बारे निकै छलफल चल्न थाल्यो। अन्तमा जनकसीता एउटा मिथक कुरा नभएर एउटा वास्तिकतासँग जोडेको देखिन्छ। यसरी त्यस बेलाका विभिन्न पुस्तकहरू प्रमाणित गरेका छन्। यी पुस्तकहरू मध्ये सबैभन्दा प्रमुख पुस्तक बाल्मीकीय रामायणलाई लिन सकिन्छ । बाल्मीकीय रामायण यस्तो धार्मिक पुस्तक हो जसले जनकजानकीको जीवनमा वास्तविक रूपले घटेका घटनालाई आधार बनाइ लेखिएको पुस्तक हो । यस रामायणमा राजर्षि जनकको राज्यकाल र सीता प्रकट भएकी कुरादेखि धर्तीमा समाएकी कुरासम्म उल्लेख गरेका छन् । यस्ता प्रमाणिक इतिहासलाई कसैले मिथक कुरा भनेर आफ्नो चर्चा पाउनु सिवाय अरू केही हुनै सक्दैन।

वाल्मीकीय रामायण रामसीताका साथसाथै दुई राज्य मिथिला र अयोध्याका सम्बन्धलाई बडो विस्तारपूर्वक संस्कृत भाषामा लिपिबद्ध गरेको छ । बाल्मीकी रामायण न भूतकाल न भविष्यत् काल, वर्तमानकालमा लेखिएको एउटा अद्भूत ऐतिहासिक ग्रन्थ हो। जसलाई संसारका विद्वानहरूले स्वीकार गरेका छन्। यस पुस्तकमा वीर र वीराङ्गनाका रूपमा राम र सीतालाई राखेका छन्। रामायणैं अनुसार मिथिलाका राजा राजर्षिजनक थिए। जो निकै पराक्रमी र प्रतापी राजा थिए । वहाँको दरवारमा सधैं विद्वानहरूको भीड हुन्थ्यो। राजाजनक विद्वानका साथै एउटा ऋषि राजाभएकोले वहाँलाई राजर्षि भनिएको हो। वहाँको दरबारमा झूठको कुरो चल्दैन्थ्यो। राजा जनक आफै सत्यवादी राजा थिए । वहाँको राज्य मिथिला पूर्वमा कौशकी, पचिममा नारायणी, उत्तरमा हिमालय र दक्षिणमा गङ्गा जस्तो चार किल्लामित्र घेरिएको क्षेत्र थियो।

माता सीतामाथि दरवारको प्रभाव निकै परेको देखिन्थ्यो। वहाँ एउटी कुशल छोरी, गृहणी, पत्नी, बुहारी र आमा थिइन् । वहाँ त्रेतायुगमा जनकपुरबाट वैवाहिक सम्बन्धको नाताले अयोध्या दरबार प्रवेश पाएकी थिइन् । अयोध्यामा पनि आफ्नो माइतीको विचार, आचरण र इमान्दारीलाई कहिले पनि छोड्नु भएकी थिइनन्। अयोध्याको दरबारमा उहाँले एउटा आदर्श पत्नी तथा बुहारीको भूमिका खेलेकै हुनाले सबैले वहाँलाई समान भावनाले हेर्ने गर्थे। राम एउटा पत्निब्रत पुरुष थिए भने सीता एउटी पतिब्रता नारी थिइन् । एकल विवाहका पक्षघर रहेका राम र सीता विश्वमा आफ्ना जो विचारको छाप छोरेर गएका छन् ती आज पनि उदाहरणीय रहेका छन्। जस्तो सुकै संकटमा एक अर्कालाई साथ दिन पछि हटेका थिएनन्। जहिले पनि धर्म र सत्यलाई आफ्ना आदर्श बनाइ मिथिला र अयोध्यामा छोडेका छाप अहिले पनि छर्लग देखिन्छ । त्यसबेला मिथिलामा चलेका संस्कृति, कला, साहित्य, धर्मकर्म, गीतसंगीत, नृत्य, पूजापाठ, खानपान, चालचलन, रीतिरिवाज, परम्परा, रहनसहन आज पनि हुबहु जीवितै रहेका छन्। मिथिला त भूगोलबाट इतिहासको पानामा गए पनि त्यसबेलाको यी संस्कारहरू अहिले पनि यथावत रहेकोले हामी आफ्नो इतिहास प्रति गौरवान्वित छौं।

सीताबाट जन्मिएका दुई जुम्ल्याहा संतानलाई बाल्मीकिकै आश्रममा जन्म र पचपन बितेका कारणले बाल्मीकिलाई रामायणलाई पूर्णता दिन सजिलो भयो । बाल्मीकिले लेखेका रामायणलाई बडो मधुर वाणीमा गितार चलाएर पूरा रामायण संगीत लयमा रामको दरबार अयोध्यामा कुश र लवले प्रस्तुत गरेका थिए। त्यही एउटी आदर्श पत्नी र मिथिलाकी छोरी आफ्नी जीवन अन्त गरेकी थिइन्। यसरी जुन धरतीबाट उत्पन्न भएकी थिइन् पुनः त्यही समाइन्। यी वीर र वीराङ्गनाका गाथालाई अहिले पनि मानिसहरू वडा श्रद्धासाथ हेरेका छन् । समाजमा छोरालाई राम जस्तो बन्न उपदेश दिएका हुन्छन् भने आफ्नी छोरीलाई सीता जस्तो बन्न सिखाएका हुन्छन्। हाम्रो संस्कारको आधार नै धर्म र सत्य हुन्। यसरी यस्ता आदर्श तथा ऐतिहासिक बीर÷वीराङ्गनालाई कसैले मिथक कुरा गर्नु आफैमा निन्दनीय कुरो हो। इतिहासका पनि केही आफ्नै विशेषताहरू हुन्छन्। राजर्षिजनक र आदर्श नारी सीताको आ–आफ्नै इतिहास छन् जो इतिहासका सम्पूर्ण घटना परिघटनालाई बाल्मीकी रामायणले प्रमाणित गरेका छ। यस्ता प्रमाणित कुरा कसरी मिथक हुन सक्छ।

हिन्दू शास्त्रका विभिन्न ग्रन्थले राजालाई ईश्वरको अवतारको रूपमा स्वीकार गरेका छन् । राजा त रावण पनि थिए र राजा त राम पनि थिए ! के यी राजाहरू समान छन् त ! होइन, हाम्रो धर्म शास्त्रका ग्रन्थहरूले राजाको पनि काम कर्तव्यलाई सीमित घेरामा राखेका छन् । राजाराम जनताको इच्छालाई सर्बोपरि कर्तव्य ठानी राज्य चलाएका थिए। रावण आफ्नो इच्छा अनुसार राज्य चलाएका थिए । राजर्षिजनक पनि राम जस्तै आदर्श राजा थिए। जनताको भावनासँग कहिले पनि खेलवार गरेका थिएनन् । राजा जनक त अयोध्या दरवारमा समेत कुनै समस्या पर्दा समाधान गर्न मिथिलाबाट अयोध्या जान्थे। यस्तै कुराहरूलाई तुलना गरी आज पनि कुन राजा राम्रो र कुन नराम्रो भनेर प्रशंसा र आलोचना हुँदै आएका छन्।

राम वनवासबाट अयोध्या फर्केका बेला एक जना धोबीले रामको आलोचना गरेको देख्दा राम कर्तव्यमूढ भएको सीताले देख्दा आफै अयोध्याको सिंहासन त्याग गरेर जंगलको बाटो समात्न तयार भएकी थिइन्। कहीं कतै रामलाई टाउको दुखाउने जस्ता काम गर्नु भएन । शायद रामलाई वनवासमा सीताको राम्ररी साथ न भेटेको भए राम रावणलाई बध गर्न सक्ने थिएन होलान्। रामायणलाई एउटा ऐतिहासिक पुस्तक नबुझी एउटा राजारानीको मनगढन्ते आख्यान हो बुझ्नु आफैमा एउटा अचम्भित गर्ने कुरो रहेछ भने बुझ्नु पर्छ । विश्वका देशहरू आ–आफ्नै राष्ट्रप्रेमको घेरामा रहनु भनेको साँगुरोपन दिमाग बाहेक केही भन्न सकिँदैन । रामसीताले खेलेको भूमिका राजनीतिमा अहिले पनि जीवितै देखिन्छ । रामराज्यको दर्शन रामबाटै आएको हो । अहिले पनि शासकहरू रामराज्यको कल्पनालाई साकार गर्न अगाडि बढ्न चाहन्छ।

महात्मा गाँधी त राजाजनकदेखि रामसम्मको आदर्शलाई आत्मसात गरी भारतमा अंग्रेज विरूद्धको आन्दोलनलाई सफल बनाएका थिए। गाँधीको धर्म र सत्यको दर्शन अहिले पनि विश्वले मानेका छन्। महात्मा गाँधी रामको बाटो नसमातेको भए अंग्रेज जस्तो हातहतियारले सुसज्जित सेनालाई कसरी परास्त गर्न सक्थे ? यसैले होला राजा जनक माता सीता, भगवान रामको इतिहासलाई कसैले पनि बंग्याएर मिथक रूपमा लिनु आफैमा दिमागी शून्यता रहेको कुरा बुझ्नु पर्छ।

अहिले वर्तमानमा मिथिलाको अस्तित्व नरहेपनि मिथिलाका सुप्रसिद्ध राजर्षिजनक र राजकुमारी सीतालाई नेपाल सरकारले विभूतिको रूपमा स्थान दिएर ठूलै सम्मान गरेको छ। अहिले पनि हामीहरू राम्रो तथा आँटिलो काम गरेको देख्दा भगवान कै रूप हुन भने भावना प्रकट गर्छौं । राजाजनक शासनको प्रशंसा थाइलैण्डका राजा भूमिवलले समेत गरेको प्रमाण अहिले पनि भेटिन्छ। नेपालदेखि भारत हुँदै श्रीलंकासम्म आफ्नो प्रभाव फैलाएका जनक, राम र सीतालाई विश्वमा नजान्ने कमै होलान्।

अन्तमा एउटा सुप्रसिद्ध पुस्तक 'ऐतिहासिक राम' जो डी.के.हरी र डी.के. हेमाहरीद्वारा लेखिएका पुस्तकले खासगरी यस्तै दुई कुरा ऐतिहासिक वा काल्पनिक कुराबारे निकै राम्रोसँग छलफल गरेको छ। यस पुस्तकबारे गुरूदेव श्री श्री रविशंकर, माँगलिक मन्तव्य प्रकट गर्नु भएको छ भने पूर्व भारतीय प्रमुख न्यायाधिश एम.एन. बेंगकटाचालिहले समेत आफ्नो दुई शब्दमा प्रशंसा गरेका छन्। यसरी पूर्वीय विद्वानहरू यसबारे विभिन्न अकाट्य तर्कहरू प्रस्तुत गरी ऐतिहासिकतालाई प्रमाणित गरेका छन् । अहिले भर्खर अयोध्यामा राममन्दिर प्रति देखिएको आस्थालाई सामान्य रूपमा लिनु हुँदैन। त्यस्तै जनकपुरधाम स्थित जानकी मंदिर प्रतिको आस्था विश्वलाई नै जगाएको कुरा प्रमाणित गरिसकेको छ । जनकपुरधाम राजाजनक र राजकुमारी सीताको इतिहास अमर छ जो विश्वलाई याद गराइ रहनेछ। यस्ता आस्थाका धरोहरहरूलाई संरक्षण हुनु नितान्त आवश्यक छ।

# सूचनाको हक लोकतन्त्रप्रति भरोसा जगाउने उपयुक्त औजारः राष्ट्रपति

**रासस**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले सूचनाको हक लोकतन्त्रप्रति जनताको भरोसा जागृत गराउने उपयुक्त औजार भएको बताएका छन् । राष्ट्रिय सूचना आयोगको १७औँ स्थापना दिवसका अवसरमा राष्ट्रपति भवन शीतल निवासमा शनिबार आयोजित समारोहलाई सम्बोधन गर्दै उनले सूचनाको हकले नागरिकलाई सशक्त बनाउनुका साथै सरकारलगायत सबै सार्वजनिक निकायलाई जिम्मेवार बनाउने बताए । ‘लोकतन्त्रमा शासन प्रणालीलाई पारदर्शी तथा जवाफदेही बनाउने, बेथिति अन्त्य गर्ने, सुशासन कायम गर्ने, लगानीको सदुपयोग गरेर जनतामा सेवा प्रवाह अभिवृद्धि गर्ने र यही व्यवस्थामा मात्र मेरो भविष्य सुरक्षित हुन्छ भनेर लोकतन्त्रप्रति जनताको भरोसा जागृत गराउने उपयुक्त औजार सूचनाको हक हो’ राष्ट्रपति पौडेलले भने, ‘विकास निर्माणमा नेपाली जनताको अर्थपूर्ण सहभागितासँगै लोकतन्त्र सुदृढीकरण गर्न अत्यन्त आवश्यक छ, यसका लागि पारदर्शीता मुख्य विषय हो, जुन सूचनाको हकले प्रत्याभूत गर्नेछ ।’

लोकतन्त्रको संस्थागत विकास, सुशासन प्रवर्द्धन तथा विकास निर्माणमा जनताको अर्थपूर्ण सहभागिताका लागि महत्वपूर्ण माध्यमका रुपमा रहेको सूचनाको हकको कार्यान्वयन थप प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोड दिए । जनताले आफूले तिरेको कर कँहा, कसरी खर्च भइरहेको छ भनेर जान्न पाउने उनीहरूको स्वाभाविक हक पनि भएको राष्ट्रपति पौडेलको भनाइ छ ।

लोकतन्त्र सार्वभौम नागरिक र नागरिकको स्वतन्त्रताको सर्वोच्चता स्थापित गर्ने दर्शनबाट अभिप्रेरित व्यवस्था रहेको भन्दै राष्ट्रपति पौडेलले सूसुचित नागरिकमात्रै सर्वशक्तिमान हुने बताए । ‘नागरिकको स्वतन्त्रताको सर्वोच्चता स्थापित हुन्छ भन्ने मूल मान्यता र दर्शनका आधारमा लोकतान्त्रिक व्यवस्थामा जनतालाई शासन प्रणालीबारे सबै सूचना जान्न पाउने मौलिक हकको व्यवस्था गरिएको हुन्छ’ उनले भने । नेपालको संविधानको धारा २७ ले प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने मौलिक हकको व्यवस्था गरिएको उनले जानकारी दिए ।

राष्ट्रपति पौडेलले कानुन कार्यान्वयनका लागि आयोगका साथै सूचनाको हकका अभियन्ताहरूको अथक मेहनत र सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारीले आफूलाई रुपान्तरण गर्दै लगिरहेको वर्तमान अवस्थामा संविधान र कानुनले राखेका उद्देश्य सन्तोषजनकरुपमा कार्यान्वयन भने भइनसकेको उल्लेख गरे । ‘अझै पनि कैयौँ नेपाली जनता आफ्नो मौलिक हकबारे अनभिज्ञ छन्, यसका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन जरुरी छ । प्रभावकारी कार्यान्वयनका लागि आपूर्ति पक्ष थप संवेदशनशील हुन आवश्यक छ, त्योभन्दा बढी जनता आफैँ आफ्नो अधिकार प्राप्त गर्न तयार देखिउन् भनेर उनीहरूमा जागरण ल्याउन अत्यन्त आवश्यक छ भन्ने मलाई लाग्दछ’, राष्ट्रपति पौडेलले भने ।

संविधानको मर्म र कानुनको व्यवस्थाअनुसार स्थापित आयोगले आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरिरहेको भन्दै आजमात्र चार वटा राष्ट्र भाषा मैथिली, अवधी, थारु र भोजपुरीमा प्रकाशित सहयोगी पुस्तिकाका कारण सूचनामागकर्ता तथा बहुसंख्यक नेपालीमाझ आवश्यक सूचना पु¥याउन सहयोग पुगेको राष्ट्रपति पौडेलले विश्वास व्यक्त गरे । उनले यसैगरी थप राष्ट्रभाषामा पनि यस्तो प्रकाशन गर्नु आवश्यक रहेको धारणा व्यक्त गरे । ‘सूचनाको हक स्थापित गर्न आयोगले सीमित साधनस्रोतबाट पनि कानुनको प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार हुँदै अधिकार स्थापित गर्दै आएको छ । यसको थप प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला निकाय जिम्मेवार हुनुपर्दछ । साथै नागरिकमा जागरण ल्याउन सरकारको गम्भीर ध्यान जान जरुरी छ’, राष्ट्रपति पौडेलले भने । स्वाभाविकरुपमा सबै सूचना सार्वजनिक हुँदैनन् र कानुनमा व्यवस्था भएका अति संवेदनशील पाँच प्रकारका सूचना संरक्षण गरेर राखिने विषय पनि जनताकै हितका लागि हुन् भन्ने हामीले विर्सन नहुने उनले उल्लेख गरे ।

# महिला सहभागितासँगै नेतृत्व विकासमा जोड दिनुपर्छः मुख्यमन्त्री



**रासस**
**सुर्खेत ।**
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले महिला सहभागितासँगै नेतृत्व विकासमा जोड दिनुपर्ने बताएका छन् । राष्ट्रिय महिला आयोगले शनिबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजना गरेको ‘नीतिगत तहमा महिलाको पहुँच स्थापित गराउने’ विषयक अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री कँडेलले महिला निर्णायक तहमा पु¥याउनसके समृद्धि हासिल गर्न पनि सघाउ पुग्ने बताए ।

उनले कर्णाली प्रदेश प्राकृतिकरूपले धनी भए पनि गलत सामाजिक मूल्यमान्यताका आधारमा पछाडि रहेकाले महिलाको अवस्थामा सुधार हुननसकेको बताए । ‘हाम्रो प्रदेश प्राकृतिकरूपमा अन्य प्रदेशभन्दा धनी छ तर अन्य क्षेत्रमा भने हामी पछाडि पारिएका छौँ’ मुख्यमन्त्री कँडेलले भने, ‘विगतमा भन्दा महिलाको अवस्थामा केही परिवर्तन भए पनि मूलभूतरूपमा अझ धेरै परिवर्तन गर्न बाँकी छ । त्यसलाई सुधार्न हामी सबैको योगदान जरूरी छ ।’

कर्णालीमा छाउपडी, बहुपतिलगायत कुप्रथा र विभेदहरू अहिले पनि कायम रहेका र शिक्षित वर्गबाटै महिलामाथि हिंसा हुनेगरेको भन्दै मुख्यमन्त्री कँडेलले त्यसले कर्णालीको विकासमा पनि असर पुर्याइरहेको धारणा राखे । मुख्यमन्त्री कँडेलले सहभागिता र कार्यसम्पादन छुट्टाछुट्टै विषय भएकाले संविधानले सुनिश्चित गरेका महिला अधिकार कार्यान्वयनमा जोड दिनुपर्ने बताए । राष्ट्रिय महिला आयोगले दिएका सुझावका आधारमा प्रदेश सरकारले महिला सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गर्दैजाने पनि मुख्यमन्त्री कँडेलको प्रतिबद्धता जनाए । कार्यक्रममा कर्णाली प्रदेशका भौतिक पूर्वाधार राज्यमन्त्री गमता विकले विगतको तुलनामा अहिले महिला सहभागिताका लागि जागरण आएको भन्दै सहभागितालाई थप बढाउँदै लैजानुपर्ने आवश्यकता औँल्याए । उनले संविधानले सुनिश्चित गरेका महिला अधिकार पनि व्यवहारमा कार्यान्वयन गर्न नसिकएकाले अब तीनै तहका सरकारले अब व्यावहारिक सुधारमा लाग्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय महिला आयोगका अध्यक्ष कल्पना पराजुलीले महिलाको अवस्थाबारे बुझ्न कर्णालीका विभिन्न जिल्लामा पुग्दा कानुनभन्दा देउता बलिया छन् भन्ने सोच पाएको बताइन् । महिलाको नीतिगत तहमा सहभागिता बढाउनका लागि ति सोचहरू बदल्न जरूरी रहेका उनको भनाइ थियो । कानुनी राज्यमा सानालाई मात्रै कानुन लाग्ने गलत प्रचलन रहेकाले त्यसमा सुधार गर्न प्रदेश र स्थानीय सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्न उनले सुझाव दिइन् । ‘महिला अहिले पनि विभिन्न बहानामा हिंसा भोग्न बाध्य छन् ।

कानुन सबैका लागि बराबरी हो भन्ने कुरा व्यवहारमै स्थापित नगरेसम्म समस्या आइरहन्छन्’, अध्यक्ष पराजुलीले भनिन्, ‘अझै कर्णालीमा त कानुनभन्दा देउता बलिया रहेछन् किनभने यहाँ कानुनले गैरकानुनी भनेका छाउपडीलगायतका कुप्रथा पनि देउता रिसाउने डरले कायमै छन् । अब सबै मिलेर यो सोच बदल्दै अगाडि बढ्नुपर्छ ।’ कार्यक्रममा सरोकारवालाहरुले संविधानप्रदत्त महिला अधिकार कार्यान्वनयमा जोड दिन सम्बद्ध पक्षलाई आग्रह गरेका छन् । बनेका कानुन कार्यान्वय हुनसके महिला अधिकारसँगै नीतिगत तहमा पहुँच पुग्न सहज हुने उनीहरुको भनाइ छ ।

# ‘राजनीतिक अस्थिरता अन्त्य गर्न प्रत्यक्ष निर्वाचित कार्यकारी’



‘जसरी हिजो परिवर्तनका निम्ति राजनीतिक दलहरु एक ठाउँमा उभिएका थिए, संविधान निर्माण गर्दा एक ठाउँमा उभिएका थिए, त्यसैगरी समृद्धिको लक्ष्य हासिल गर्न एक ठाउँमा उभिन जरुरी छ । कम्तीमा १०–१५ वर्ष राष्ट्र निर्माणका लागि समान मुद्दाहरुमा राष्ट्रिय एकताको खाँचो छ ।’
**- जगप्रसाद शर्मा**
राष्ट्रियसभा सदस्य

**रासस**
**दाङ ।**
*राष्ट्रियसभा सदस्य जगप्रसाद शर्माले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्रीको व्यवस्था हुनुपर्ने बताएका छन् । त्यसो भएमा मुलुकमा व्याप्त राजनीतिक अस्थिरता अन्त्य हुने र विकासका कामले गति लिने उनी ठान्छन् । ‘कानुन बन्न नसक्नु, सङ्घीयतालाई आत्मसात् गर्न नसक्नु र प्रदेशलाई केन्द्रको छायाजस्तै बनाउन खोज्दा जनतामा वितृष्णा छाएको छ’ उनी भन्छन्, ‘यसको समाधान भनेको स्थानीय सरकारजस्तै प्रदेश र सङ्घमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुने गरी शासकीय स्वरुप बदल्नु नै हो ।’ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का केन्द्रीय सदस्यसमेत रहेका राष्ट्रियसभाका सदस्य शर्मासँग राष्ट्रिय समाचार समिति दाङका प्रमुख नारायणी रजौरे र तुल्सीपुर समाचारदाता दीपक बोहराले संसद्, संसदीय अभ्यास, राजनीतिक स्थायित्वलगायत विषयमा गरेको कुराकानी ।*

**देशको संसदीय अभ्यासलाई तपाईँले कसरी लिनुभएको छ ?**

संविधानको मूल भाव र हाल भइरहेको संसदीय अभ्यासमा तालमेल मिलेकोजस्तो लाग्दैन । पुरानो संसदीय अभ्यासमा अभ्यस्त हुँदै आएको तरिका र संविधानको मूल भावमा तालमेल मिलेको छैन । संविधानतः समावेशी, समानुपातिकको सवाल, जनताप्रति उत्तरदायी हुने सवाल र पुरानो परम्परामा बाँधिरहने होइन, गतिशील हुने संविधानको भावलाई हालको अभ्यासले पकडिरहेको छैन । नयाँ संविधानको भावलाई आत्मसात् गर्ने र पुराना पछि परिसकेका अभ्यासलाई परित्याग गर्दै पश्चिमा संसदीय मोडेलबाट हैन, नेपाली विशेषताअनुरुप नयाँ ढङ्गले संसद् सञ्चालन गर्नुपर्दछ । त्यसरी मात्र देश र जनताको आवश्यकता पूरा हुनसक्छ । हामी समृद्ध देश र सुखी नेपालीको गन्तव्यमा पुग्न सक्छौँ ।

**संसद्को मुख्य जिम्मेवारी कानुन निर्माण हो तर अहिलेको संसद्को समीक्षा गर्दा कार्यसम्पादन कमजोर भएको टिप्पणी छ । तपाईँ के भन्नुहुन्छ ?**

संसद्को मुख्यतः तीन वटा काम हुन्छन्ः कानुन निर्माण, सरकारलाई सचेत एवं खबरदारी र जनताका समस्याहरु संसद्मा बुलन्द गर्ने । कानुन निर्माणको काम अपेक्षाकृत अगाडि बढ्न नसकेको कुरा सत्य हो । यसको मुख्य कारण राजनीतिक दलहरुको बीचमा सहमति नहुनु हो । कतिपय राजनीतिक दलले अहिलेको परिवर्तन र संविधानलाई आत्मैदेखि स्वीकार गर्न नसक्नु पनि हो । नयाँ संविधान र पुराना कानुन एवं नियमावलीहरुको कारण जनअपेक्षित काम हुन नसकेको कुरा यथार्थ हो । देश र जनताको हितलाई केन्द्रमा राखेर कानुन र नियमावलीहरु निर्माण गर्ने सबैको केन्द्रीय कार्यभार हो । यो केन्द्रीय कार्यभार पूरा गर्नुको अर्को कुनै विकल्प छैन ।

**संसद्को काम हेर्दा जनताका समस्या र गुनासाभन्दा पनि सरकार फेरबदल मात्र गर्नेजस्तो देखिएको छ । त्यस्तो हो ?**

केन्द्रमा बाहिरबाट हेर्दा त्यस्तो देखियता पनि वास्तविकतामा त्यस्तो होइन । किनकी प्रधानमन्त्री फेरिएका छैनन् । मन्त्रीहरु मात्रै हेरफेर, थपघट र पुनर्गठन मात्र गरिएको हो । प्रदेश सरकारहरुको सवालमा सत्य हो की, सरकार फेरबदल मात्रै हुने गरेको छ । त्यसका पछाडीको कारण–समयमा कानुनहरु बन्न नसक्नु, सङ्घीयतालाई आत्मसात् गर्न नसक्नु र प्रदेशलाई केन्द्रको छायाँजस्तै बनाउन खोज्नु हो । यसको समाधान भनेको स्थानीय सरकारजस्तै प्रदेश र सङ्घमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुने गरि शासकीय स्वरुप बदल्नु नै हो । शासकीय स्वरुप र निर्वाचन प्रणालीमा संविधान संशोधन गरेर परिवर्तन गर्नु नै समस्याको समाधान हो । जसले स्थायित्व प्रदान गर्छ । सही र गलतका आधारमा प्रत्येक पाँच वर्षमा सर्वभौम जनताले मूल्याङ्कन गर्छन् र, देश अघि बढ्छ ।

**लोकतन्त्रका उपलब्धिको रक्षा र संविधानको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय एकता हुन नसकेको भनिन्छ । यो सत्य हो ?**

तपाईंको प्रश्न सही, सान्दर्भिक र धेरै महत्वको छ । दलीय स्वार्थबाट मुक्त भएर राष्ट्र र जनताको हितलाई मुख्य बनाउन जरुरी छ । सामाजिक न्यायसहितको समृद्धि प्राप्त गर्न साझा मुद्दाहरु तयार पारी दलहरुको बीचमा सहकार्य र एकता कायम गर्न जरुरी छ । त्यसका निम्ति जसरी हिजो परिवर्तनका निम्ति राजनीतिक दलहरु एक ठाउँमा उभिएका थिए, संविधान निर्माण गर्दा एक ठाउँमा उभिएका थिए, त्यसैगरी समृद्धिको लक्ष्य हासिल गर्न एक ठाउँमा उभिन जरुरी छ । कम्तीमा १०–१५ वर्ष राष्ट्र निर्माणका लागि समान मुद्दाहरुमा राष्ट्रिय एकताको खाँचो छ ।

**संसद्मा सांसदको उपस्थिति कम छ, विषयगत समितिका बैठक पनि गणपूरक संख्या नपुगेर स्थगन भएका छन् । यसलाई कसरी लिनुहुन्छ ?**

संसद् र विषयगत समितिमा कहिलेकाहीँ उपस्थिति कम हुने कुरा सही हो । सांसदहरुले आफ्नो जिम्मेवारीलाई सही ढङ्गले बुझ्न नसक्नु, राजनीतिक दलहरुले कडाइपूर्वक आफ्ना सांसदलाई ह्विप जारी गर्न नसक्नुजस्ता कारणहरुले संसद्मा उपस्थिति कम हुने गरेको छ । सांसद स्वयम् र सम्मिलित दलहरुले राष्ट्रिय जिम्मेवारीबोध गर्ने, जनताले पनि झक्झक्याउने र मिडियाले पनि सत्य, तथ्य जनतामाझ ल्याइदिने गर्दा नै यसको समस्या समाधान हुन सक्छ । मुख्य कुरा स्वयम् संसद्हरुले संसद्जस्तो राज्यको जिम्मेवारी पूरा गर्ने बोध गर्नु हो ।

**संसद्का काम प्रभावकारी भएनन्, सुशासन कायम गर्ने दिशामा पनि संसद्ले काम गर्न सकेन भन्ने जनगुनासो छ । तपाईँके भन्नुहुन्छ ?**

अपेक्षाकृत संसद्का काम कारबाही प्रभावकारी हुन नसकेको कुरा सत्य हो । यसको मुख्य कारण–आपसी सहमति र लक्ष्यप्रति समर्पित हुन नसक्नु हो । सुशासन कायम गर्ने सवालमा भने संसद् र मुख्यतः प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको वर्तमान सरकारले प्रभावकारी काम गरेको जगजाहेर नै छ । सुशासन, रातारात कायम भइहाल्ने विषय होइन । किनकी यो समस्या निजी स्वामित्वको सुरुआतसँगै भएको हो । सुशासन कायम गर्न, उत्पादनमा वृद्धि एवं रोजगारी सिर्जना र स्वामित्वको स्वरुपमा ठूलो परिवर्तन गरेर मात्रै सम्भव छ । स्वामित्वको स्वरुप न त निजी बनाएर हल हुन्छ, न त राज्यको बनाएर हल हुन्छ ? बरु, राज्यको, समाजको र निजी गरी त्रिआयामिक अर्थात् एकीकृत स्वामित्वको अवधारणामा अगाडी जानु पर्दछ । तत्काल महङ्गो निर्वाचन प्रणाली परिवर्तन गर्न र शिक्षा, स्वास्थ्यजस्ता विषयहरुमा राज्यको पूर्ण स्वामित्व हुने र भ्रष्टाचारविरुद्ध कडा कानुन बनाएर देशमा सुशासन कायम गर्न सकिन्छ । मुख्य कुरा संसद्हरु संसद्जस्तो राज्यको जिम्मेवारी पूरा गर्ने बोध गर्नु हो ।

**जनतामा निराशा बढ्दै छ, युवा वर्ग विदेशिएको छ । युवा पलायन रोक्न के गर्नुपर्छ ?**

एक हदसम्म निराशा बढेको, युवा विदेश पलायन भएको सत्य हो । यसको मुख्य कारण–राष्ट्रिय एकता हुन नसक्नु र संविधान कार्यान्वयन हुन नसक्नु हो । यसले गर्दा देशमा उत्पादनलाई गुणात्मक वृद्धि गर्न हुन सकेको छैन । अपेक्षाकृत रोजगारी सिर्जना हुन सकेको छैन । देशमा आयात घट्ने र निर्यात बढ्न पनि सकेको छैन । उद्योगधन्दा, कलकारखानाको विकास हुन पनि सकेको छैन । मुख्य कुरा राज्य गम्भीर हुनुपर्छ र, प्रत्येक नागरिकमा ‘बन्छ मेरो देश–बनाउँछु, मैले मेरो देश’, भन्ने भावना जगाउनुपर्छ । प्राकृतिक हिसाबले देश धनी छ, जनता परिश्रमी छन् । सम्भावना धेरै छन् । सकारात्मक सोच र इच्छाशक्तिको आवश्यकता छ ।

**प्रभावकारी संसदीय गतिविधिका निम्ति तपाईँको सुझाव छ ?**

राष्ट्रियता, संविधान र जनताको भविष्य हामी सबैका साझा सवाल हुन् । संविधानको प्रभावकारी कार्यान्वयन नै सबै समस्याको समाधान हो । यसका निम्ति परिवर्तनका पक्षधर राजनीतिक दलहरुको राष्ट्रिय एकता नै अहिलेको आवश्यकता हो ।

**संसद्मा तपाईँले कस्ता सवाल उठाउनु भयो र त्यसको सुनुवाई कति भयो ?**

एउटा सांसदको हैसियतले संसद्मा मैले सबैभन्दा बढी संविधानअनुसार कानुन बनाउने कुरालाई नै जोड दिएर उठाएँ । विकास निर्माणदेखि जनसरोकारका मुद्दाहरु उठाएँ । सरकारलाई सचेत, खबरदारी र आलोचना पनि गरिरहेँ । कानुन र नियमावलीहरुको अभाव, सरकारमा पर्याप्त बजेटको कमी, पुनःसंरचना नभएको पुरानो ढर्राको कर्मचारीतन्त्रका कारण अपेक्षाकृत सुनुवाइ भएको देखिँदैन । यसका बावजुद पनि मैले आफ्नो ठाउँबाट निरन्तर परिमाणमुखी पहल जारी राखेको छु ।

**तपाईँ सांसद भएको चार वर्ष भयो, अनुभव कस्तो रह्यो ?**

म संसद्मा पहिलो पटक उपस्थित भएको हो । यो चार वर्षे अवधिमा पहिलेको डेढ, दुई वर्ष कोरोना महामारीले गर्दा खासै उपलब्धीमूलक काम गर्न सकिएन । जतिबेला देशमा आर्थिक सङ्कट थियो । देश जर्जर अवस्थामा थियो । राष्ट्रियसभा एक अविच्छिन्न र एक परिपक्क सभा भएकाले समयको सही व्यवस्थापन र कानुन निर्माणमा सापेक्षित हिसाबले राम्रो रह्यो ।

गणतन्त्रको प्रतीक राष्ट्रपति र सङ्घीयताको प्रतीक राष्ट्रियसभा नै हो । सङ्घीयता कार्यान्वयन गर्ने सवाल, छुवाछूतमुक्त गर्ने सवाल, अपाङ्गहरुको सवाल र महिला मुक्तीको सवालजस्ता छ वटा सङ्कल्प प्रस्ताव राष्ट्रिय सभाबाट पारित हुनु उपलब्धि हो । सरकारलाई निरन्तर खबरदारी गर्ने तथा विकास–निर्माण र जनसरोकारका सवाल निरन्तर उठाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको ठानेको छु ।

# उद्योग र उद्यमशिलताको विकासविना मुलुक समृद्ध बन्दैनः उद्योगमन्त्री




**रासस**
**अछाम ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपाली उद्यमीहरुले उत्पादन गरेका वस्तु अन्तर्राष्ट्रिय स्तरमा निर्यात हुने गरि योजना बनाइने बताएका छन् । प्रेस चौतारी नेपालले शनिबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उनले उद्यमशिलता र रोजगारीविना मुलुक समृद्ध नबन्ने भएकाले सबैले उद्यम गर्नुपर्नेमा जोड दिए । उनले उद्योग र उद्यमशिलताको विकासविना मुलुकमा समृद्धि नआउने बताए । मन्त्री भण्डारीले ‘समृद्ध नेपाल र सुखी नेपाली’को लक्ष्य पूरा गर्न लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन र विकासमा सरकार लागेको उल्लेख गरे । उनले स्थानीय कच्चा पदार्थको प्रयोगबाट सञ्चालित उद्योग र तिनका उत्पादनको प्रवद्र्धन तथा बजारीकरणबाट नै मुलुकमा बढ्दै गएको व्यापार घाटा न्यूनीकरणमा सघाउ पुग्नेसमेत बताए । उनले स्थानीय उत्पादनमा आधारित उद्यममा जोड दिए । उनले भने, ‘स्थानीय उत्पादन बढाउनु जरुरी छ, कृषिमा आधारित उद्योगलाई बढावा दिने सरकारको नीति पनि हो ।’
जोड पुग्ने गरी नीति कार्यक्रम र बजेटमा सुझाव दिन आग्रह गरे ।
विभिन्न क्षेत्रका विज्ञ तथा जनताको बीचमा प्राप्त सुझावलाई पार्टीका माध्यमबाट सरकारसमक्ष पुर्याउन अनुरोध गरे । बैठकमा सांसदहरुले जनतामा विश्वास पैदा गर्ने नीति तथा कार्यक्रम र बजेट ल्याउन सुझाव दिएका थिए ।
‘अहिलेको आर्थिक अवस्था, स्रोतको अपर्याप्तता र जनताको अपेक्षालगायत बारेमा सांसदले सुझाव दिनुभएको छ’, उनले भने । मुख्य सचेतक पाण्डेले यही वैशाख २८ गतेदेखि सुरु हुने संसद्को चौथो अधिवेशनलाई व्यवस्थित र प्रभावकारी बनाउने, विधेयकलाई विषयगत समितिबाट पारित गर्न जोड दिने बैठकको निर्णय रहेको जानकारी दिए । संसद्लाई बिनाअवरोध सञ्चालन गर्न सत्ता साझेदार दलसँग पनि छलफल गरिने जानकारी दिँदै उनले प्रमुख प्रतिपक्षी र विपक्षी दलसँगको छलफलबाट निष्कर्षमा पुगिने बताए ।

# बजेट पछि परेका वर्ग र क्षेत्रमा केन्द्रितः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट राष्ट्रिय सूचकमा पछि परेका वर्ग र क्षेत्रमा केन्द्रित हुने बताएका छन् । सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा शनिबार बसेको दशौँ पूर्ण बैठकमा उनले विगतका नीति तथा कार्यक्रम र बजेटबाट शिक्षा लिँदै आगामी आवको नीति कार्यक्रम र बजेटलाई अघि बढाइने बताए । ‘उत्पीडित, गरिबलाई कसरी उकास्न सक्छौँ, सुशासन, समृद्धि र सामाजिक न्यायलाई केन्द्रित गरेर नीति तथा कार्यक्रम र बजेट ल्याइनेछ’, प्रधानमन्त्री दाहालको भनाइ उद्दृत गर्दै माओवादीका मुख्य सचेतक हितराज पाण्डेले भने । प्रधानमन्त्री दाहालले राष्ट्रिय सूचकमा सबैभन्दा पछाडि परेका वर्ग तथा क्षेत्रलाई कसरी राज्यको मूलप्रवाहमा ल्याउन सकिन्छ भन्नेबारेमा पनि सुझाव दिन आग्रह गरेका थिए । बैठकमा संसदीय दलका नेता दाहालले अहिलेको नीति तथा कार्यक्रम र बजेट कसरी अघि बढ्छ र त्यसका लागि के–के गर्नुपर्छ, सरकारले कसरी सोचिरहेको छ भन्नेबारेमा निर्देश गर्नुभएको मुख्य सचेतक पाण्डेले जानकारी दिए ।
प्रधानमन्त्री दाहालले अर्थमन्त्रीसहित माओवादीबाट सरकारमा सहभागी भएका मन्त्रीलाई दलका तर्फबाट प्रतिनिधित्व गर्ने सांसदसँग अन्तरक्रियासहित सुझाव लिन निर्देशन दिएका थिए । ‘मधेश (हुलाकी राजमार्ग आसपासका क्षेत्र), कर्णाली, दलित, उत्पीडित जातिलगायतलाई उकास्ने गरी सुझावलाई केन्द्रित गरिदिनुहोस्’, प्रधानमन्त्री दाहालको भनाइ उद्दृत गर्दै उनले भने । प्रधानमन्त्री दाहालले उत्पादन वृद्धि र रोजगारी सिर्जनामा जोड पुग्ने गरी नीति कार्यक्रम र बजेटमा सुझाव दिन आग्रह गरे । विभिन्न क्षेत्रका विज्ञ तथा जनताको बीचमा प्राप्त सुझावलाई पार्टीका माध्यमबाट सरकारसमक्ष पुर्याउन अनुरोध गरे । बैठकमा सांसदहरुले जनतामा विश्वास पैदा गर्ने नीति तथा कार्यक्रम र बजेट ल्याउन सुझाव दिएका थिए । ‘अहिलेको आर्थिक अवस्था, स्रोतको अपर्याप्तता र जनताको अपेक्षालगायत बारेमा सांसदले सुझाव दिनुभएको छ’, उनले भने । मुख्य सचेतक पाण्डेले यही वैशाख २८ गतेदेखि सुरु हुने संसद्को चौथो अधिवेशनलाई व्यवस्थित र प्रभावकारी बनाउने, विधेयकलाई विषयगत समितिबाट पारित गर्न जोड दिने बैठकको निर्णय रहेको जानकारी दिए । संसद्लाई बिनाअवरोध सञ्चालन गर्न सत्ता साझेदार दलसँग पनि छलफल गरिने जानकारी दिँदै उनले प्रमुख प्रतिपक्षी र विपक्षी दलसँगको छलफलबाट निष्कर्षमा पुगिने बताए ।

# भारतले मे १० सम्ममा माल्दिभ्सबाट सैनिक प्रतिस्थापन गर्ने



**एएनआई**
**माले ।**
भारत र माल्दिभ्सले शुक्रबार द्विपक्षीय उच्च–स्तरीय समूहको चौथो बैठक आयोजना गरेका छन् । बैठकमा मे १० सम्ममा माल्दिभ्सबाट भारतीय सैनिकको प्रतिस्थापनको समीक्षा भएको छ । भारत सरकारले निर्धारित समयभन्दा पहिले नै सैनिक प्रतिस्थापन गर्ने जनाएको छ । यसअघि नै मोहम्मद मुइज्जुको नेतृत्वमा रहेको माल्दिभ्स सरकारले औपचारिकरूपमा भारतलाई मालेबाट सेना फिर्ता लैजान अनुरोध गरेको थियो । माल्दिभ्सको विदेश मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा दुवै पक्षले विद्यमान द्विपक्षीय सहयोगको समीक्षा गरेको उल्लेख छ । ‘विकास र रक्षा सहयोग लगायत आपसी हितका विभिन्न मुद्दाहरूमा छलफल भएको थियो’, विज्ञप्तिमा भनिएको छ, ‘भारत सरकारले मे १० सम्ममा तीनवटा उड्डयन प्लेटफर्ममध्ये अन्तिममा सैन्य कर्मचारीहरू प्रतिस्थापन गरी तालिकाअनुसार अघि बढिरहेकोमा दुवै पक्षले सन्तोष व्यक्त गरेका छन् ।’ उच्चस्तरीय समूहको पाँचौँ बैठक आपसी सहमतिअनुसार जुन÷जुलाई महिनामा मालेमा आयोजना गर्ने सहमति भएको छ । गत महिना विदेश मन्त्रालयले माल्दिभ्समा भारतीय कर्मचारीहरूको पहिलो ब्याचलाई प्राविधिक कर्मचारीहरूले प्रतिस्थापन गरेको बताएको थियो । माल्दिभ्सका जनतालाई मानवीय र चिकित्सा निकासी सेवाहरू प्रदान गर्ने भारतीय उड्डयन प्लेटफर्महरूको निरन्तर सञ्चालन सक्षम पार्न भारत र माल्दिभ्स दुवै पारस्परिक व्यावहारिक समाधानमा सहमत भएका छन् । गत महिना विदेश मन्त्रालयले भारतीय प्राविधिक कर्मचारीहरूको पहिलो ब्याच सुरक्षाकर्मीहरू प्रतिस्थापन गर्न माल्दिभ्स पुगेको बताएको थियो । तेस्रो बैठक चाँडै हुने अपेक्षा गरिएको छ । मुलुकबाट भारतीय सेनालाई हटाउनु मुइज्जुको पार्टीको मुख्य चुनावी अभियान थियो । हाल माल्दिभ्समा डोर्नियर–२२८ समुद्री गस्ती विमान र दुई एचएएल ध्रुव हेलिकप्टरसहित करिब ७० जना भारतीय सैनिक तैनाथ छन् ।

# वेस्ट इन्डिज ‘ए’ सँगको अन्तिम खेलमा नेपाल विजयी




**रासस**
**काठमाडौँ ।**
टी–२० श्रृङख्लाको अन्तिम खेलमा नेपालले वेष्ट इन्डिज ‘ए’लाई ६ विकेटले पराजित गरेको छ । यसअघि नेपालले लगातार तीन खेलमा हार बेहोरेको थियो । नेपालले पहिलो खेलमा भने वेष्ट इन्डिज ‘ए’लाई चार विकेटले हराएको थियो । नेपाल त्यसपछिको दोस्रो खेलमा १० रन, तेस्रो खेलमा ७६ रन र चौथो खेलमा २८ रनले पराजित भएको थियो । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार वेस्ट इन्डिज ‘ए’ले टस जितेर पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ७२ रन बनायो । वेस्ट इन्डिज ‘ए’का लागि एलिक एथानाजेले सर्वाधिक ४२ रनको योगदान दिए । उनले २९ बल खेल्ने क्रममा एक चौका र तीन छक्का प्रहार गरे । यस्तै रोस्टन चेसले ३३ रन बनाए । उनले २१ बल खेल्ने क्रममा पाँच चौका हाने । जोनसन चाल्र्सले २४, म्याथ्यु फर्डले २३, कदीम एलियनले ११ र मार्क दयालले ११ रन बनाए । बलिङतर्फ नेपालका सोमपाल कामी र सागर ढकालले तीन तीन तथा अभिनाश बोहराले एक विकेट लिए । एक सय ७३ रनको विजयी लक्ष्य पछ्याएको नेपालले १८ दशमलव पाँच ओभरमा चार विकेट गुमाउँदै पूरा गर्‍यो । अठारौँ ओभरमा कुशल मल्लले पाँच बलमै २२ रन हानेपछि नेपाललाई विजयी बन्न सहज भएको हो । सो ओभरमा मल्लले चार चौका र एक छक्का प्रहार गरे । उनले १८ बलमा तीन चौका र तीन छक्काको मद्दतमा अविजित ३७ रन बनाए । त्यस्तै आसिफ शेखले ५१ रनको योगदान दिए । उनले ३५ बलमा दुई चौका र चार छक्का हाने । अनिल शाहले ४५ बलमा चार चौका र चार छक्कासहित ५८ रन बनाए । कुशल भुर्तेलले १३ र दीपेन्द्रसिंह ऐरीले ५ रन बनाए । बलिङतर्फ वेष्ट इन्डिज ‘ए’का ओबेद म्याककोयले तीन तथा म्याथ्यु फर्डले एक विकेट लिए ।

# युद्धविरामलाई लिएर हमासले ‘सोचविचार’ गर्नुपर्दैन– ब्लिङ्केन

**एएफपी**
**वासिङ्टन ।**
अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले इजराइलसँगको युद्धविराम सम्झौतालाई स्वीकार गर्न हमासले कुनै ‘सोचविचार’ गर्नु नपर्ने बताएका छन् । यद्यपि हमासको गाजा–आधारित नेतृत्वको मनसाय अस्पष्ट रहेको उनले बताए । गाजा पट्टीलाई नियन्त्रण गरेको हमासले बन्धकहरूलाई मुक्त गरेको बदलामा इजराइलको आक्रमणलाई अस्थायीरूपमा रोक्ने इजिप्ट र कतारको मध्यस्थतामा लामो समयदेखि जारी वार्ता पुनः सुरु गर्नका लागि आफ्नो प्रतिनिधिमण्डल शनिबार कायरो फर्कने घोषणा गरेको छ । ‘वास्तवमा युद्धविराम र बन्धकहरूको रिहाइको जवाफमा उनीहरूले हुन्छ भन्न सक्छन् वा सक्दैनन् भन्नेबारेमा हामीले प्रतीक्षा गरिरहेका छौँ’, ब्लिङ्केनले शुक्रबार भने, ‘अहिलेको वास्तविकता भनेको गाजाका जनता र युद्धविरामको बीचमा उभिएको एक मात्र चिज हमास हो ।’ लडाकूहरूले प्यालेस्टिनी जनताको ‘प्रतिनिधित्व गरेको दावीलाई’ ध्यानमा राख्दै ब्लिङ्केनले भने, ‘यदि यो सही हो भने युद्धविरामलाई ग्रहण गर्न कुनै सोचविचार गर्न जरुरी छैन, तर सम्भवतः अरु केही भइरहेको छ र आगामी दिनमा हामीसँग यसको राम्रो चित्र हुनेछ ।’ विदेशमन्त्री ब्लिङ्केनले हमाससँगको वार्तामा कठिनाइहरू औँल्याए । हमासलाई अमेरिकाले आतङ्कवादी समूह मान्छ र प्रत्यक्षरूपमा वार्तामा सामेल हुँदैन । हमासलाई इजराइलले समाप्त पार्ने वाचा गरेको छ । ‘कतारी र इजिप्टेलीमार्फत हामीसँग अप्रत्यक्षरूपमा संलग्न रहेका हमासका नेताहरू निश्चितरूपमा गाजाबाहिर बस्छन्’, ब्लिङ्केनले भने, ‘अन्तिम निर्णय लिनेहरू वास्तवमा गाजामा बस्छन् र उनीहरूसँग हामीमध्ये कसैको पनि प्रत्यक्ष सम्पर्क छैन ।’ ब्लिङ्केनले मध्यपूर्वको आफ्नो पछिल्लो भ्रमणमा इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहु र अन्य शीर्ष नेताहरूसँग भेट गरेको केही दिनपछि एरिजोनामा म्याक्केन इन्स्टिच्युटको सेडोना फोरमलाई सम्बोधन गर्दै थिए ।
ब्लिङ्केनसँगको आफ्नो छलफलअघि नेतान्याहुले युद्धविराम वार्ताको नतिजालाई परवाह नगरी दक्षिणी गाजा सहर रफाहमा आक्रमण अगाडि बढाउने बाचा गरेका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनले इजराइललाई रफाहमा नजान बारम्बार चेतावनी दिएको छ । रफाहमा करिब १२ लाख प्यालेस्टिनीले आश्रय लिएका छन् । ब्लिङ्केनले इजराइलले अहिलेसम्म ‘हानिमा परेका नागरिकहरूको वास्तविक सुरक्षाका लागि विश्वसनीय योजना’ पेस गर्न नसकेको बताए । इजराइलले सैन्य र कूटनीतिक समर्थनका लागि अमेरिकामा भरोसा गर्छ । ‘यस्तो कुनै पनि योजनाको अभावमा हामी रफाहमा हुने ठूलो सैन्य अभियानको समर्थन गर्न सक्तैनौँ किनकी यसबाट हुने नोक्सान स्वीकार्यको सीमाभन्दा बाहिर छ’, उनले भने । युद्धमा नागरिकहरूको मृत्युलाई लिएर विश्वव्यापी आलोचना बढेको छ भने बाइडेन प्रशासनमाथि पनि दबाब छ ।

# छ वर्षपछि भोजपुर–विराटनगर उडान सुरु



**रासस**
**भोजपुर ।**
उडान बन्द भएको छ वर्षपछि भोजपुर–विराटनगर पुनःहवाई उडान सुरु भएपछि यात्रुमा उत्साह देखिएको छ । नेपाल वायुसेवा निगमको जहाजले पुनःशनिबारदेखि भोजपुर–विराटनगर उडान थालेको हो । बन्द भएको छ वर्षपछि विराटनगर यात्रा गर्न पाएकामा यात्रुहरुले खुसी महसुस गरेका छन् । भोजपुर नगरपालिकाका नगर प्रमुख कैलाशकुमार आलेले खादा र केक बाँड्दै यात्रुलाई विराटनगरका लागि शुभकामना दिनुभएको थियो । उहाँका अनुसार काठमाडौँबाट आएको निगमको जहाजले नौ जना यात्रु लिएर विराटनगर उडेको छ । उडान बन्द भएको लामो समयपछि विराटनगर उड्न पाएकामा यात्रु उषा थापाले खुसी महसुस गर्दै भने, 'समस्यामा परेका यात्रुलाई विराटनगर जान अब सहज भएको छ, हामी जिल्लावासी त्यसैमा खुसी छौँ, निगमले नियमित उडान गर्न जरुरी छ ।'वायुसेवा निगमले हप्तामा शनिबार र बिहीबारका लागि विराटनगर उडान तालिका राखेको निगमका भोजपुर स्टेसन प्रमुख प्रकाश खड्काले बताए । 'अब उडान तालिकाअनुसार नै विराटनगर उडान हुनेछ । अहिलेका लागि काठमाडौँबाट भोजपुर आएर विराटनगर जाने र विराटनगरबाट फर्किएर फेरि काठमाडौँ जाने तालिका बनाएका छौँ', उनले भने । विमान अभावलगायतका समस्या देखाउँदै निगमले भोजपुर–काठमाडौँ उडान तालिका कायम राख्दै विराटनगर उडान बन्द गरेको थियो । विसं २०७४ पछि विराटनगर उडान हुन सकेको थिएन । जिल्लावासीको मागलाई सम्बोधन गर्दै निगमले तत्कालका लागि हप्तामा दुई उडान गर्न लागेको स्टेसन प्रमुख खड्काको भनाइ छ । हवाई उडान बन्द हुँदा जिल्ला अस्पतालबाट सुविधा सम्पन्न अस्पतालमा सिफारिस गरिएका बिरामी लैजान तथा ज्येष्ठ नागरिकलाई समस्या हुँदै आइरहेको थियो । ज्येष्ठ नागरिक र बिरामीलाई समस्या भइरहेको अवस्थामा बन्द रहेको उडान फेरि सञ्चालन हुँदा आवागमन सहज हुँदै जाने नगरप्रमुख आलेले बताए । उनले भने, 'अब तोकिएको दिन सेवा सञ्चालन हुनेगरी निगमले उडान गर्नुपर्छ, जसले समस्यामा परेका नागरिकलाई सेवा पुगोस् ।' वायुसेवा निगम भोजपुरले भोजपुर–विराटनगर भाडा चार हजार २९ रुपैयाँ कायम भएको जनाएको छ । नागरिकको सेवालाई ध्यान दिँदै इ–सेवामार्फत पनि टिकट लिने व्यवस्था मिलाइएको छ । पाँच सय ४५ मिटर लम्बाइ भएको विमानस्थल कालोपत्र भए पनि विराटनगर उडान भने ठप्प थियो । प्रदेश राजधानी जान र आउन पुनःउडान सुरु भएपछि सहजता थपिएको भोजपुरवासी शङ्करप्रसाद आचार्यको भनाइ छ ।

**तुम्लिङटार विमानस्थलमा बाह्र दिनदेखि उडान ठप्प**

संखुवासभाको तुम्लिङटार विमानस्थलमा १२ दिनदेखि उडान ठप्प भएको छ । विमानस्थल तुवाँलोले ढाकेपछि १२ दिनदेखि उडान ठप्प भएको हो । वैशाख १० गतेपछि बाक्लो तुवाँलोले विमानस्थल वरपरको डाँडा ढाकेपछि हवाई सेवा अवरुद्ध भएको हो । मौसम प्रतिकूल भएपछि निजी कम्पनीका विमानले तुम्लिङटारमा उडान भर्न नसकेको बुद्ध एयरका राजीव पोखरेलले जानकारी दिए । उनका अनुसार जनवरी यता ४४ पटक उडान रद्द भएको छ । तुम्लिङटार विमानस्थलमा उडान नभएपछि दैनिक ६५ भन्दा बढी यात्रु अलपत्र पर्ने गरेका छन् । उडान अवरुद्ध भएपछि संखुवासभा, भोजपुर, धनकुटाका यात्रु प्रभावित भएका छन् । तुम्लिङटार विमानस्थल पहाडी तथा हिमाली जिल्लाको बढी यात्रु हुने विमानस्थलमध्ये एक हो । उडानका लागि कम्तीमा पाँच किलोमिटर भिजिबिलिटी आवश्यक पर्नेमा अहिले एक किलोमिटर मात्र भिजिबिलिटी रहेको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । तुम्लिङटार विमानस्थलमा बुद्धको एटिआर–७२ ले दैनिक उडान भर्दै आएको थियो । धावनमार्गको स्तरोन्नति भएसँगै गत वर्षदेखि बुद्ध एयरको एटिआर ७२ सिटको जहाजले दैनिक उडान गर्न थालेको थियो । विश्वकै पाँचौँ अग्लो हिमाल मकालु, अरुण तेस्रो जलविद्युत् आयोजना, पर्यटकका लागि छोटो दूरीको उडानका कारण यहाँ यात्रुको भीडभाड हुने गर्छ ।

# बागलुङमा सुन्तलाखेतीप्रति आकर्षण बढ्दै



**रासस**
**ढोरपाटन ।**
पछिल्लो समय बागलुङमा सुन्तलाखेतीप्रति कृषकको आकर्षण बढ्दै गएको छ । हरेक वर्ष सुन्तलाखेती गर्ने क्षेत्रफल बढ्नुका साथै खेती गर्न सहज हुने भएकाले कृषकको आकर्षण बढ्दै गएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । बसाइँसराइले गाउँ रित्तिँदै गएपछि पहिले कोदो, मकै, गहुँलगायत अन्नबाली फल्ने बारीमा अहिले सुन्तलाखेती गर्न थालिएको छ । कम मेहनतमा राम्रो उत्पादन गर्न सकिने भएकाले कृषक सुन्तलाखेतीप्रति आकर्षित भएका केन्द्रका सूचना अधिकारी कुमार पुनले बताए । कृषि ज्ञान केन्द्रका अनुसार विसं २०७६ मा पाँच सय ८५ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएकामा हालसम्म आउँदा उक्त क्षेक्रफल बढेर छ सय १८ हेक्टर पुगेको छ । चार वर्षको अवधिमा ३३ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती बिस्तार भएको छ । बागलुङमा सुन्तला उत्पादन राम्रो हुने र बजार पनि सहजरुपमा पाउने भएकाले खेती बिस्तार हुँदै गएको पुनको भनाइ छ । जिल्लामा काठेखोला गाउँपालिकाको बिहुँ, बागलुङ नगरपालिकाको सिगाना, तित्याङ, भकुण्डे, जैमिनी नगरपालिकाको बिनामारे र दमेकमा बढी सुन्तला उत्पादन हुने उनले जानकारी दिए । भौगोलिक बनावट र हावापानीअनुसार १० वटै पालिकामा धेरै वा थोरै सुन्तला उत्पादन हुने गरेको सूचना अधिकारी पुनले बताउनुभयो । अघिल्लो वर्षको तुलनामा यस वर्ष ४५ मेट्रिकटन सुन्तला उत्पादन कम भएको उनले जानकारी दिइ । सूचना अधिकारी पुनका अनुसार अघिल्लो वर्ष जिल्लामा तीन हजार नौ ८५ मेट्रिक टन उत्पादन भएकामा यस वर्ष तीन हजार नौ ४० मेट्रिकटन मात्रै उत्पादन भएको छ । गत वर्ष २० करोड रुपैयाँ बढीको सुन्तला बिक्री भएकामा यस वर्ष १८ करोड रुपैयाँको मात्रै उत्पादन भएको छ । बागलुङमा सुन्तला व्यवस्थापनमा किसानले ध्यान नदिँदा उत्पादनमा ह्रास आएको पुनले बताए । कृषि ज्ञान केन्द्रले सुन्तलाखेती गर्ने किसानलाई आवश्यक अनुदानसँगै बगैँचा व्यवस्थापन र प्राविधिक सहयोग गर्दै आएको उनको भनाइ छ । मल, जल र बगैँचा व्यवस्थापनम कृषकले ध्यान दिए बागलुङमा धेरै मात्रामा सुन्तला उत्पादन गर्न सकिने सूचना अधिकारी पुनले बताए । 'बागलुङमा सुन्तला उत्पादन राम्रो हुन्छ । यहाँका धेरै किसानले मेहनत पनि गर्नुभएको छ, तर यस वर्ष बगैँचा व्यवस्थापन सही तरिकाले नहुँदा उत्पादन घटेको छ । खेती बिस्तार भने तीव्ररुपमा भइरहेको छ', उनले भने, 'केन्द्रबाट कृषकलाई प्राविधिक सहयोगसहित अनुदान र तालिम प्रदान गर्दै आएका छौँ । पहिले खाद्यबाली खेती हुने बारीमा अहिले सुन्तला लगाउन थालेका छन् ।' बागलुङ नगरपालिका–८ सिगानाका किसान अनन्तबहादुर खड्काले यस वर्ष छ लाख रुपैयाँको सुन्तला बिक्री गरेको बताए । बारीमा दुई सय बोट सुन्तला रहेको भन्दै आधाभन्दा बढीले उत्पादन दिन थालेको उनले जानकारी दिए । गत वर्षको तुलनामा यस वर्ष दुई प्रतिशतले मात्र उत्पादन बढेको उनको भनाइ छ । सिगानामा यो वर्ष करिब साढे दुई करोड रुपैयाँ भित्रिएको भन्दै खड्काले गाउँमा मात्रै ४० हजार सुन्तलाका बोट रहेका बताए । 'अन्य खेतीलाई जस्तो धेरै झन्झट गर्न नपर्ने, बेलाबेला गोडमेल र सिँचाइ गरे हुन्छ । उत्पादन राम्रो भयो भने आम्दानी पनि राम्रो हुन्छ, सुन्तलाखेती गरेपछि पछुताउनु भने पर्दैन', उनले भने, 'कहिलेकाहीँ विभिन्न रोग र सङ्क्रमणले दुःख दिने भएकाले कृषि केन्द्रसँग समन्वय गरी काम गर्नुपर्छ । पहिले गाउँका थोरै किसानले सुन्तलाखेती गर्नेमा अहिले प्रत्येक परिवार यसमा आबद्ध हुँदै गएका छन् ।'

# लोकप्रिय बन्दै बागलुङको कोदोको बिस्कुट



**रासस**
**गलकोट ।**
बागलुङको काठेखोला गाउँपालिकामा उत्पादन सुरु भएकोको कोदोको बिस्कुट छोटो समयमै उपभोक्ताको रोजाइमा परेको छ । काठेखोला गाउँपालिका– ८ लेखानी कादेशका चानसिंह श्रीसले सुरु गरेको कोदोको बिस्कुट उत्पादन तीन महिनामै माग धान्न नसक्ने अवस्थामा पुगेको हो । पुरानो खाद्य बालीका रुपमा रहेको कोदोलाई 'ब्रान्डिङ' गर्न गत फागुनदेखि बिस्कुट उत्पादन गरी उनले बजारमा पठाएका थिए । बिस्कुट बजारमा पुगेपछि माग ह्वात्तै बढेको हो । ३४ वर्षीय युवा श्रीसले घरेलु उद्योगमार्फत कोदोको बिस्कुट उत्पादन सुरु गरेका हुन् । उनले उद्योग फस्टाउन थालेपछि पाँचजनालाई प्रत्यक्ष रोजगारी दिएका छन् । गाउँमै उद्यम गरेर स्वरोजगार बन्न सात वर्षदेखि कोदोको बिस्कुट बनाउन अनुसन्धान गरेपछि श्रीसले उत्पादन सुरु गरेका हुन् । 'कोदोको बिस्कुटको माग दैनिक १५ हजार थान छ तर मेरो उद्योगको क्षमता दैनिक एक हजार पाँच सय छ', उनले भने, 'मैले उपभोक्ताको माग पुरा गर्नै सकेको छैन ।' मागको ३० प्रतिशत मात्रै कोदोको बिस्कुट बजारमा पठाउन सकेको उनले बताए । अझै ७० प्रतिशत माग पु¥याउन बाँकी छ । त्यसका लागि भारतबाट अत्याधुनिक बिस्कुट बनाउने उपकरण भित्र्याउने तयारीमा श्रीस छन् । एक महिनाभित्र उक्त उपकरण आएपछि मागअनुसार उत्पादन हुने उनको भनाइ छ । विसं २०७७ मा स्थापना गरिएको उद्योगले अहिले कोदोको बिस्कुट उत्पादन गरेर बजारमा पु–याएको हो । गाउँमा उत्पादन भइरहेको कोदोको महत्व जगाउँदै कोदोको स्वादमा जागा इन्टरनेसनल इन्भेष्टमेन्ट एन्ड रिसर्च सेन्टर प्रालिको नामबाट बिस्कुट बजारमा पु–याइएको हो । लामो समयदेखि आलु, कोदो, जौ र मकैको बिस्कुट बनाउन अध्ययनपश्चात् पहिलो चरणमा कोदोको बिस्कुट उत्पादन गरेको श्रीसले बताए । उनले ४० लाख रुपैयाँ लागतमा नयाँ उपकरण भारतबाट ल्याउन लागेको जानकारी दिए । कोदोको बिस्कुटले यत्तिको लोकप्रियता कमाउला भनेर उनले सोचका थिएनन् । उनका अनुसार छिमेकी जिल्लासँगै विदेशबाट समेत बिस्कुटको माग हुन थालेको छ । उनले जापानमा समेत आफ्नो बिस्कुट प्रदर्शन भइसकेको बताए । घरेलु उद्योगको हिसाबले सानो पूँजीमा सुरु गरेको उद्योगमा राष्ट्रिय उद्योगको जस्तो माग आएपछि थप संरचना निर्माणको काम सुरु गरेका छन् । 'धान्नै नसक्ने माग आयो, अहिले उद्योगको क्षमता विस्तारमा लागेको छु, २० लाखमा सुरु गरेको उद्योग अबको एक महिनामा करोड लागत पुग्छ, मागअनुसारको बिस्कुट उत्पादनका लागि एक महिना लाग्छ', श्रीसले भने, 'अहिले नयाँ उपकरणका लागि संरचनाहरु निर्माण भइरहेको छ, कोदोको बिस्कुटको माग धान्न नसकेर फोन उठाउनै नसक्ने भएँ ।' सिए पढ्ने सपना अधुरै राख्नुभएका श्रीसल पाँच वर्ष काठमाडौँमा रेष्टुराँ चलाएका थिए । उनी कोरोनाकालमा गाउँ फर्केपछि बिस्कुट उद्योग सञ्चालनमा ल्याएका हुन् । कुनै समय गरिबको खानाका रुपमा चिनिएको कोदोको परिकारको महत्व बढेपछि श्रीसले नेपालमै पहिलोपटक कोदोको बिस्कुट बजारमा ल्याएको दाबी गरेका छन् । अहिले गुणस्तरीय प्याकेटमा ७० ग्रामको कोदोको बिस्कुटलाई २० रुपैयाँमा बजार पठाएका छन् । जसलाई नेपाल सरकारले गुणस्तरको चिह्नसमेत प्रदान गरिसकेको छ । उद्योग स्थापनाका लागि गण्डकी प्रदेश सरकारले ग्रामीण साना घरेलु उद्योग स्थापना कार्यक्रमअन्तर्गत १० लाख रुपैयाँ अनुदान दिएको छ । गाउँमै पाइने कच्चापदार्थ कोदोलाई बहुमूल्य बनाउन बिस्कुट निर्माण गरेको उनको भनाइ छ । बिस्कुटमा धेरै मात्रमा कोदोको पीठो भए पनि गहुँ, घीउ र तेलको समिश्रण हुने गरेको छ । अग्र्यानिक कोदोबाट उत्पादित बिस्कुटले स्वास्थ्यलाई समेत फाइदा पुग्ने उनको भनाइ छ ।

# त्रिशूलीसहित पाँच नदीलाई प्लास्टिकजन्य फोहर मुक्त बनाइने

**रासस**
**चितवन ।**
नेपालका पाँच वटा नदीलाई प्लास्टिकजन्य फोहरबाट मुक्त बनाइने भएको छ । विश्व बैंकको आर्थिक सहयोगमा क्रिएसन नेपालद्वारा सञ्चालित क्याप परियोजनाले सात वटा स्थानीय तहको सहकार्यमा बागमती, त्रिशूली, राप्ती, कमला र सुनकोसी नदीलाई प्लास्टिकजन्य फोहरबाट मुक्त बनाउने भएको हो । क्याप परियोजनाका कार्यक्रम प्रमुख उज्वल उपाध्यायका अनुसार ती नदीहरुलाई प्लास्टिकजन्य फोहरबाट मुक्त बनाउन ललितपुर महानगरपालिका, भरतपुर महानगरपालिका, हेटौँडा उपमहानगरपालिका, बर्दिवास नगरपालिका, गजुरी गाउँपालिका, इच्छाकामना गाउँपालिका र सिन्धुलीको गोलान्जोर गाउँपालिकासँग सहकार्य गरिने छ । परियोजनाले स्थानीय तहको सहकार्यमा प्लास्टिकजन्य फोहरले पार्ने असरबारे जनचेतना र व्यवस्थापनका विषयमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने परियोजना प्रमुख उपाध्यायको भनाइ छ । प्लास्टिकजन्य फोहर फाल्न नदिन र फ्याँकिएका फोहर सङ्कलन तथा 'रिसाइकल' गरी नदीलाई सफा र स्वच्छ बनाउने उद्देश्यका साथ यो परियोजना सञ्चालन गरिएको कार्यक्रम उनले बताए । उनले भने, 'क्याप परियोजना विश्वबैंकको आर्थिक सहयोगमा क्रिएशन नेपालद्वारा सञ्चालित परियोजना हो, जसले प्लास्टिकको फोहर सङ्कलन संयन्त्रलाई सुदृढ गर्दै प्राविधिक नवप्रवर्तनमार्फत रिसाइक्लिङलाई बलियो बनाएर ल्यान्डफिल र नदीबाट प्लास्टिकको फोहरलाई उत्पादन मूल्य श्रृङखलामा लैजाने लक्ष्य छ ।' चितवनको इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले प्लास्टिकजन्य फोहर व्यवस्थापनका लागि यो कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गरे । प्लास्टिकजन्य फोहरले नदीको सौन्दर्य बिग्रिनुका साथै स्वास्थ्यमा असर गर्ने भएकाले अध्यक्ष गुरुङले गाउँपालिकाले यस अभियानमा साथ दिने प्रतिबद्धता व्यक्त गरे । नदी सरसफाइ भएसँगै त्रिशूली नदीमा जलयात्रा पर्यटन वृद्धि हुने उनको आशा छ । परियोजना प्रमुख उपाध्यायका अनुसार त्रिशूली नदी सरसफाइ अभियानका लागि गजुरी गाउँपालिका, इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिकासँग सहकार्य गरिने छ । त्रिशूली नदी आसपासका बजार बस्तीबाट निस्किने प्लास्टिकजन्य फोहर सङ्कलन गरी त्यसलाई रिसाइकल गरि मुल्य श्रृङखलामा परिणत गरिनेछ । रिसाइकल गरी आम्दानीको स्रोत बनाएपछि प्लास्टिकजन्य फोहर व्यवस्थापनमा सहज हुने उनको भनाइ छ । स्थानीय तहहरुका लागि प्लास्टिकजन्य फोहर व्यवस्थापन चुनौती बनेकाले यस अभियान सञ्चालन गरिएको उनको भनाइ छ । कार्यक्रमअन्तर्गत समुदायमा पैरवी, नदी सरफाइ अभियानलगायतका काम हुनेछन् । विद्यालयका बालबालिकामार्फत प्लास्टिकजन्य फोहरलाई कसरी वर्गीकरण गर्ने, कसरी अव्यवस्थित विसर्जन नगर्ने, नदीनालालाई कसरी प्लास्टिक मुक्त बनाउने भन्नेबारेमा जनचेतना समुदायमा फैलाउने परियोजनाले जनाएको छ ।

# मधेश प्रदेशमा आगलागीबाट ४६ करोडको क्षति

**रासस**
**जनकपुरधाम ।**
मधेश प्रदेशका विभिन्न जिल्लामा आगलागीबाट विगत १० महिनामा ४६ करोडभन्दा बढी मूल्य बराबरको धनसम्पत्ति जलेर नष्ट भएको छ । मधेश प्रदेश प्रहरी कार्यालयले आगलागीका सम्बन्धमा जिल्लाबाट हालसम्म सङ्कलन गरिएको तथ्याङ्क विवरण अनुसार मधेस प्रदेशका आठवटै जिल्लामा आगलागीबाट क्षति भएको जनाएको छ । अहिले पनि प्रदेशका कुनै न कुनै स्थानमा आगलागी भइरहकाले आगलागीबाट सुरक्षित तथा सर्तक रहनका साथै पीडितलाई सहयोगका लागि आग्रह गरिएको छ । प्राप्त विवरणमा धनुषामा आठ करोड ४९ लाख रुपैयाँ, महोत्तरीमा चार करोड १४ लाख रुपैयाँ, सर्लाहीमा चार करोड ४१ लख रुपैयाँ, सप्तरीमा पाँच करोड ४१ लाख रुपैयाँ, सिरहामा आठ करोड ४९ लाख रुपैयाँ, रौतहटमा चार करोड ९८ लाख रुपैयाँ, बारामा चार करोड १७ लाख रुपैयाँ र पर्सामा पाँच करोड ७२ लाख मूल्य बराबरको भौतिक सम्पत्ति जलेर नष्ट भएको बताइएको छ । मधेश प्रदेशको सिरहामा सबैभन्दा बढी तथा सर्लाहीमा सबैभन्दा कम आगलागीका घटना भएका छन् । सो अवधिमा सिरहामा दुई सय १६ तथा सर्लाहीमा एक सय छ आगलागीका घटना भएको विवरणमा जनाइएको छ । यसैगरी सप्तरीमा एक सय ७२, धनुषामा एक सय ४५, महोत्तरीमा एक सय ३०, रौतहटमा एक सय ८३, बारामा एक सय २१ तथा पर्सामा एक सय २८ आगलागीका घटना भएको विवरणमा उल्लेख गरिएको छ । लामो समयदेखि आकासे पानी नपरेको तथा तातो हावा र बढ्दो गर्मीका कारण आगलागीका घटना अत्यधिक भएको प्रहरीको अनुमान रहेको छ । साथै मानवीय लापरबाही तथा प्राविधिक समस्याले पनि आगलागीका घटना तथा क्षति भएको हो ।

# नेपाललाई हिन्दू गणराज्य घोषणा गर्न माग




**मधेशदृष्टि**
**कास्की ।**
राष्ट्रिय एकता अभियान कास्कीमा सङ्गठन विस्तार गरेको छ । सङ्घीय हिन्दू गणतन्त्र नेपालको स्थापनाको लागि सक्रिय अभियानले कास्की जिल्लामा १५ सदस्यीय कार्यकारिणी समिति गठन गरेको हो ।

समितिको अध्यक्षमा सुनिल मर्सिनि चयन भएका छन् भने उपाध्यक्षमा टिका कुमारी छिरिङ र सचिवमा अनुपमणि अधिकारी चयन भएका छन् ।

अभियानका केन्द्रीय अध्यक्ष विनय यादवको उपस्थितिमा कास्की जिल्ला कमिटी गठन गरिएको थियो ।

कार्यक्रममा बोल्दै अध्यक्ष यादवले हिन्दू धर्म नै राष्ट्रिय एकताको मूल मन्त्र भएको उल्लेख गरे । राष्ट्र र राष्ट्रियता जोगाउन नेपाललाई हिन्दू गणराज्य घोषणा गर्नु पर्ने कुरामा जोड दिए । नेपाललाई धर्मनिरपेक्ष देश घोषणा गर्दा राष्ट्रिय एकता कमजोर भएको समेत उनले बताए । पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय व्यवसायिक विमान यथाशीघ्र संचालनको व्यवस्था गर्नु पर्ने माग समेत राखे । पोखरा विमानस्थललाई चीनले बीआरईसङ्ग जोडर अन्तरराष्ट्रिय रुपमा भ्रम फैलाएको हुनाले त्यसको तत्काल खंडन र चीनलाई कूटनीतिक नोट नेपाल सरकारले माग नगरूनजेल अन्तरराष्ट्रिय समुदाय एयरपोर्ट प्रतिको संदेह नहटने बताए । एयरपोर्टमा भएको भ्रस्टाचारीहरुलाई कार्यवाहीको दायरामा नलाये सम्म आफुहरुको आन्दोलन जारी रहने बताए । कार्यक्रममा पूर्व राज्य मन्त्री तथा नेपाली काँग्रेसका नेता महादेव गुरुङ लगायत विशिष्ट व्यक्तिको उपस्थिति रहेको थियो ।

# अनुशासित जीवन शैलीमा ध्यान दिन उपराष्ट्रपतिको आग्रह



**रासस**
**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले सर्ने रोगको तुलनामा नसर्ने रोगले धेरै मानिस मृत्युवरण गर्न बाध्य भएकोमा चिन्ता व्यक्त गरेका छन् । उनले मुटु रोग, क्यान्सर, उच्च रक्तचापको लहरमै आउने मधुमेहबाट मृत्यु हुनेको संख्या उच्च रहेकोमा चिन्ता व्यक्त गरेका हुन् । काठमाडौँमा शनिबार 'नेपाल डाइबिटिज' संस्थाले आयोजना गरेको 'डाइबिटिज नेपाल अन्तर्राष्ट्रिय सम्मेलन'लाई सम्बोधन गर्दै उनले मधुमेह नियन्त्रणमा जोड दिए । 'यो रोगलाई निर्मूल पार्न नसके पनि अनुशासित जीवन शैली, खानपान, शारीरिक व्यायाम, नियमित स्वास्थ्य जाँच र समयमै औषधि सेवन गरी नियन्त्रणमा राख्न सकिन्छ', उनले भने, 'मधुमेह 'क्रोनिक मेटाबोलिक' रोग हो, जुन रगतमा ग्लुकोज (चिनी) को मात्रा उच्च स्तरमा पुगेपछि लाग्छ । समयमै यो रोगको पहिचान, निदान, व्यवस्थापन र रोकथाम गर्न नसके व्यक्तिको शरीरमा विभिन्न किसिमका जटिलता निम्त्याउन सक्छ ।' नेपालजस्तो विकासोन्मुख देशमा जनताको राम्रो स्वास्थ्यमा पहुँच नहुनु र रोगको परीक्षण समयमा हुन नसक्नुले समस्या भएको उनले बताए । 'परीक्षणको अभावले गाउँघरमा मधुमेहबाट सङ्क्रमितको संख्या बढ्दै गएकामा चिन्तित छु', उनले भने, 'शरीरमा प्यान्क्रियाजले पर्याप्त मात्रामा इन्सुलिनको उत्पादन गर्न छाडेपछि लाग्ने यो रोग तीन दशकयता विश्वमा नाटकीय रुपमा बढेको तथ्याङ्कहरुले देखाएको छ ।' विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को प्रतिवेदनअनुसार विश्वभर ४२ करोड २० लाख मानिसमा मधुमेह छ, जसमध्ये अधिकांश निम्न र मध्यम आय भएका देशहरुमा बसोबास गर्दछन् । यसैगरी, प्रत्येक वर्ष १५ लाख मानिसको मृत्यु मधुमेहकै कारणले हुने गरेको छ । उपराष्ट्रपति यादवले यी डरलाग्दा तथ्याङ्कहरुले मानिस आफ्नै स्वास्थ्यप्रति गम्भीर नरहेको उल्लेख गर्दै सबैलाई आफ्नो शरीर र स्वास्थ्यप्रति सचेत, सावधान र गम्भिर बन्न आग्रह गरे । उनले सीमित स्रोत र साधनका कारण स्वास्थ्य परीक्षण, परामर्श र औषधि उपचारका लागि 'डाइबिटिज नेपाल' जस्ता संस्थाहरु ग्रामीण भेगमा पुग्न जरुरी रहेको बताए । 'सरकारले चाहेर पनि कतिपय काम गर्न नसकिरहेको अवस्थामा यस्ता सङ्घसंस्थाले गर्ने शिविरहरु महत्वपूर्ण हुन सक्छ', उनले भने, 'सम्मेलनमा सहभागी सम्पूर्ण विशेषज्ञलाई स्वास्थ्यजस्तो महत्वपूर्ण विधामा आफूले प्राप्त गरेका ज्ञानलाई एकआपसमा बाँड्न सफलता मिलोस् ।' कार्यक्रममा धुलिखेल हस्पिटललाई 'डाइबिटिज अचिभमेन्ट अवार्ड–२०२४' समेत प्रदान गरिएको थियो ।

# रगत अभावमा छुट्टाछुट्टै रक्तदान



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका अस्पतालहरुमा रगतको अभाव भएसँगै विरामीहरुको उपचारमा समस्या भएपछि बारा र पर्साका विभिन्न स्थानमा भएको छुट्टाछुट्टै रक्तदान कार्यक्रममा ३० महिला सहित १ सय ८३ जनाले रक्तदान गरेका छन् । शनिबार वीरगंजको श्रीराम हस्पिटलमा आयोजित खुल्ला रक्तदान कार्यक्रममा १४ महिलासहित ६० जनाले रगतदान गरेका छन् । 'रक्तदान गरौँ, जिवनदान गरौँ' भन्ने मुल नारासहित हस्पिटल परिसरमै कार्यक्रम आयोजना गरिएको श्रीराम हस्पतालकी प्रबन्ध निर्देशक डा. प्रिती यादवले जानकारी दिए । उनले रगत अभावलाई मध्यनजर गर्दै कार्यक्रमको आयोजना गरिएको बताए ।

यसैगरी निखिल ज्वेलर्सले आयोजना गरेको आकस्मिक रक्तदान कार्यक्रममा ६ महिलासहित ४६ जनाले रक्तदान गरेका छन् । वीरगंज महानगरपालिका वडा नम्बर ६ स्थित माईस्थान पार्कमा कार्यक्रम सम्पन्न भएको हो । दुवै कार्यक्रममा रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिकहरुले प्राविधिक सहयोग उपलब्ध गराएका थिए । यस्तै बाराका फरकफरक स्थानहरुमा आयोजित रक्तदान कार्यक्रममा १० जना महिलासहित ७७ जनाले रक्तदान गरेका छन् । कलैया नगर एकता सहयोगी समूहले आयोजना गरेको कार्यक्रममा ५२ जनाले रगतदान गरेका छन् । समूहको १० औं वार्षिकोत्सवको अवसरमा कलैयास्थित राजदेवी मन्दिरको प्राङ्गणमा आयोजित कार्यक्रममा ६ महिलासहित ५२ जनाले रगतदान गरेका हुन् । यसैगरि सन्त निराकारी मण्डलको आयोजना भएको कार्यक्रममा ४ जना महिलासहित २५ जनाले रक्तदान गरेका छन् । प्रसौनी भाठ्ठास्थित आयोजित कार्यक्रममा उनीहरुले रक्तदान गरेका हुन् । रक्तदान गर्नेहरुमा रञ्जु गुप्ता, लक्ष्मण कुमार, अजय पटेल, रिमा देवी यादव, सावित्री देवी, सोनु कुमार लगायतका छन् ।

# 'पेहला प्यार' हिन्दी गीत सार्वजनिक




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लाको गार्मिन भेग



अवस्थित कटहरिया नगरपालिका वडा नं १ भसेढवा निवासी लोक प्रिय गायक रुद्र नरायण तिवारीको स्वरमामा हिन्दी गीत 'पेहला प्यार ' भिडिओ सार्वजनिक गरिएको छ । भारत कै फिल्मी नगरी मुम्बईमै तयार गरिएको छ । अभिनेता रुद्र नारायण तिवारी र सलोनी कुमारी, निर्देशक अनुपम साह,सम्पादक अनुपम साह, म्इए रेहान खान, रेहान खान विशेष सहयोगी साजन जैसवाल रहेका छन् । गायक रुद्र नरायण तिवारीले गीत रचना गरेका हुन् । 'पेहला प्यार' बोलको गीतमा प्रेमी–प्रेमिकाबीचको माया–प्रेमलाई समेटिएको छ ।

गायक तिवारीले यसअघि पनि 'ओ मा' हिन्दी गीत पुरातात्विक महादेव मन्दिरको चर्चित भोजपुरी भाषामा 'देवा देवाले' 'दो दिल मिल रहा है' हिन्दी गीत गाईसकेका छन ।

तिवारी विगत एक दशक देखी भारतको फिल्मी नगर मुंबईमा बशेर गीत संगीतको काम गर्दै छ ।

# लागूऔषध दुर्व्यसन विरुद्ध सचेतना

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको कोल्हवीमा लागूऔषध विरुद्ध दुव्र्यसन चुनौती र न्यूनीकरण विषयक अन्तरकृया कार्यक्रमको आयोजना गरिएको छ ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयले आयोजना गरेको कार्यक्रममा गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले शनिबार उद्घाटन गरेका हुन् । कार्यक्रममा मधेश प्रदेशमा लागूऔषध प्रयोग र ओसार पसारको अवस्था, नियन्त्रणमा गरिएका प्रयास र उपलब्धि तथा आगामी दिनमा गर्ने कार्ययोजनाहरुको बारेमा जानकारी गराईएको छ । साथै लागू औषध प्रयोग गर्दा हुने हानी र कानूनी सजायको विषयमा पनि जानकारी गराईएको छ । कार्यक्रममा विद्यालय र क्याम्पसका विद्यार्थीहरुलाई लागूऔषध दुव्र्यसनबाट हुने हानी नोक्सानीहरु बारेमा सचेत गराईएको छ ।कार्यक्रममा मधेस प्रदेश गृह, सञ्चार तथा कानून मन्त्रालयका उच्च अधिकृतहरु, प्रदेशसभा सांसदहरु, बाराका विभिन्न पालिकाका प्रमुख, प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, विद्यार्थी र स्थानीयवासीको पनि उपस्थिति रहेको गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीको सचिवालयले जनाएको छ ।

# आगलागी पीडितलाई राहत वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज कपडा बैंकले उपकार सेवा नेपालको सहयोगमा बाराको फेटा गाउँपालिका वडा नम्बर १ चिलझपटीका आगलागी पीडितलाई राहत वितरण गरेको छ । वीरगंज कपडा बैंकले फेटा गाउँपालिकाका ४ जना अग्निपीडित परिवारहरुलाई राहत वितरण गरेको हो । उनीहरुलाई २ बोरा लत्ताकपडा, खाना पकाउने भाडाकुडा, प्लास्टिकको बाल्टिन, जग, बाटा तथा खाद्यान्न लगायतका सामग्री वितरण गरिएको वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबु सिंहले जानकारी दिए । सो अवसरमा फेटा गाउँपालिकाका अध्यक्ष रुस्तम अन्सारी, वडा–४ का वडाअध्यक्ष वकिल यादव लगायत कपडा वैंकका उपाध्यक्ष प्रकाश थारु, सचिव कन्हैया पटेलको उपस्थिति रहेको थियो । गत बैशाख २० गते बारोका फेटा गाउँपालिका वडा नम्बर १ चिलझपटीमा भिषण आगलागी भएको थियो । आगलागीका कारण स्थानीय मेवालाल ठाकुर, सुदर्शन ठाकुर, विद्यादेवी ठाकुर र श्रीलाल कुर्मीको घर, लत्ताकपडा, गरगहना, खाद्यन्न, नगद लगायतका सामानहरु जलेर नष्ट नष्ट भएको थियो ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन